# यार्सागुम्बा संकलनमा जातिय विभेद एवं बहिष्करण : एक समाजशास्त्रीय अध्ययन

*अपिहिमाल गाउँपालिका वार्ड न. ४ दार्चुला*

**मानविकी तथा समाजशास्त्र संकाय अन्तर्गत समाजशास्त्र विषयको**

**स्नातकोत्तर तहको उपाधिको लागि आंशिक आवश्यकता**

**परिपूर्तिको लागि तयार पारिएको**

**शोधपत्र**

**शोधार्थी**

**रोमन सिंह बोहरा**

**समाजशास्त्र केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय**

**कीर्तिपुर, काठमाडौँ**

**२०७८**

# यार्सागुम्बा संकलनमा जातिय विभेद एवं बहिष्करण :एक समाजशास्त्रीय अध्ययन

*अपिहिमाल गाँउपालिका वार्ड न. ४ दार्चुला*

मानविकी तथा समाजशास्त्र संकाय अन्तर्गत समाजशास्त्र विषयको

स्नातकोत्तर तहको उपाधिको लागि आंशिक आवश्यकता

परिपूर्तिको लागि तयार पारिएको

शोधपत्र


शोधार्थी

रोमन सिंह बोहरा

रजिष्ट्रेसन नं. : ६-२-४६-८५४-२०१२

सिम्बोल नं. : २८३२१६

समाजशास्त्र केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर, काठमाडौं


२०७८

# त्रिभुवन विश्वविद्ययालय
# समाजशास्त्र केन्द्रीय विभाग
# कीर्तिपुर, काठमाडौँ

## सिफारिस : पत्र

त्रिभुवन विश्वविद्ययालय,मानविकी तथा समाजशास्त्र संकायको समाजशास्त्र केन्द्रिय विभाग अर्न्तगत समाजशास्त्र बिषयको स्नातोकोत्तर तह पुरा गर्ने प्रयोजनका लागि मेरो निर्देशन र परिक्षणमा रोमन सिंह बोहराले "**यार्सागुम्बा संकलनमा जातिय विभेद एंव वहिष्करण : एक समाजशास्त्रीय अध्ययन "** विषयक शोधपत्र तयार गर्नु भएको हो । त्यसैले म उहाँको कार्यप्रति सन्तुष्ट छु र आवश्यक मुल्याङकनका लागि सिफारिस गर्दछु ।

.....................................

**सह प्रा. प्रेमबहादुर चलाउने**

**(शोधनिर्देशक )**

समाजशास्त्र केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्ययालय

कीर्तिपुर

*मिति : ...............*

## कृतज्ञता ज्ञापन

यो शोधपत्र "**यार्सागुम्बा संकलनमा जातिय विभेद एव वहिष्करण : एक समाजशास्त्रीय अध्ययन** "त्रिभुवन विश्वविद्ययालयको समाजशास्त्र विषयमा स्नातोकोत्तर तहको आशिंक आवश्वकता पूरा गर्ने उदेश्यले तयार गरिएको हो । यो शोधपत्र तयार गर्ने क्रममा आफ्नो अमुल्य सुझाव ,समय र सल्लाह दिनुहुने त्रिभुवन विश्वविद्ययालय समाजशास्त्र केन्द्रिय विभाग किर्तिपुरका प्रमुख प्रा.डा.युवराज लुईटेल, सोधकर्ता प्रा.डा.टिकाराम गौतम, र सोध निर्देशक सह प्रध्यापक प्रेमबहादुर चलाउनेज्यु लगाएत सम्पुर्ण समाजशास्त्र केन्द्रिय विभाग परिवारलाई हृदयदेखि धन्यवाद ज्ञापन गर्न चाहान्छु ।

यो शोधपत्र तयार गर्ने क्रममा  नमुना छनोटमा परेका सम्पुर्ण उत्तरदाताहरु जसले आफ्नो व्यस्थताका बाबजुत पनि मेरा विभिन्न जिज्ञासाहरुको ठिक उत्तर दिएर सहयोग गर्नु भएकोमा उहाँहरुलाई मुरिमुरी धन्यवाद दिन चाहान्छु । अन्त्यमा यो शोधपत्र शुद्द रुपमा समयमा नै कम्प्युटराईज कार्य सम्पन्न गरि सहयोग गरिदिनु हुने 'जी' कम्प्युटर सेन्टर, कीर्तिपुरप्रति पनि आभार व्यक्त गर्दछु ।

| ........................... | ............................ | .................................. |
|---|---|---|
| **प्रा.डा.युवराज लुईटेल** | **प्रा.डा.टिकाराम गौतम** | **उप.प्रा. प्रेम बहादुर चलाउने** |
| **विभागिय प्रमुख** | **शोध कर्ता** | **शोध निर्देशक** |

**रोमन सिंह बोहरा**

**समाजशास्त्र केन्द्रिय विभाग त्रिभुवन विश्वविद्ययालय**

**किर्तिपुर ,काठमाडौ**

## बिषय सुची

**अध्याय - एक : परिचय**

१) अध्ययनको पृष्ठभूमि १

२) समस्याको कथन ५

३) अध्ययनको उद्देश्य ८

४) अध्ययनको औचित्य९

**अध्याय - दुई : साहित्यको पुनरावलोकन**

१) साहित्य समिक्षा ११

क) सन्दर्भ सामाग्री ११

ख) यार्सा गुम्बाको सामान्य परिचय १५

ग) यार्सागुम्बा संम्बन्धी अध्ययनहरु १६

घ).दलितको अर्थसम्बन्धि विभिन्न व्यक्तिहरुको टिप्पणी १९

ङ) दलित समुदायको स्थिति, संख्या र प्रतिनिधित्व २०

२) सैद्धान्तिक समीक्षा २१

३) बहिष्करणका सिद्धान्तहरु २३

४) निष्कर्ष २४

**अध्याय - तिन : अनुसन्धान पद्धति**

१) अध्ययनको क्षेत्र २५

२) अनुसन्धानको ढाँचा २५

३) नमुना छनोट २५

४) तथ्याङ्कको प्रकृति र स्रोतहरु २६

५) तथ्याङ्क संकलन विधि २६
क) अन्तर्वाता २६
ख) अवलोकन २७
**अध्याय - चार**
**अध्ययन क्षेत्रको समस्याको कारण ,भौगोलिक स्थिति र सामाजिक आर्थिक अवस्था**
**अनुसन्धानको क्रममा देखिएका समस्याका कारणहरु**
**भौगोलिक अवस्था** **२८**
१) परिचय ३१
२) प्राकृतिक संम्पदा ३२
**सामाजिक अवस्था**
१) जनसंख्या ३२
२) परिवार ३४
३) घरको किसिम ३६
४) भाषा धर्म ३७
**मौलिक एंव सांस्कृतिक रितिरिवाजहरु**
१) दशै ३९
२) भाईटिका ३९
३) बिशू ४०
४) साउने संक्रान्ति ४०
५) शिक्षा ४१

**आर्थिक अवस्था**

१) पेशा ४३

२) पशूपालन ४४

३) वित्तिय संस्थाहरु ४५

४) कृषि वन ४५

५) विविध ४५

**अध्याय : पाँच**

१) सामाजिक जीवनमा जातिय विभेद एंव वहिष्करणले खेलेको भुमिका ४६

२) भेदभाव एवं स्वत:बहिष्करण गर्ने ठाँउहरु ४७

क) मन्दिर पस्न नदिनु ४७

ख) विवाह एवंम धार्मिक संस्कारमा दलित बहिष्कार ४८

ग) सार्वजनिक क्षेत्रमा दलितलाई गर्ने व्यवहार ४९

घ) प्राकृतिक सम्पदाको उपभोगमा जातिय बहिष्कार ४९

**अध्याय : छ**

अध्ययनको साराशं ५३

निष्कर्ष ५८

**सन्दर्भ सामाग्री**

# अध्याय - एक : परिचय

## १) अध्ययनको पृष्ठभूमि

सामान्य अर्थमा वहिष्करण भनेको अरु ठुला समुदायबाट समाजिक, आर्थिक, राजनितिक एवं मानसिकरुपमा अपहेलित हुनु,मौलिक हक अधिकारबाट वञ्चित हुनु हो अथवा वेवास्था हुनु हो । यो समाज विकास एंव मुलुकको भविष्यको लागि एउटा जटिल समस्या हो । जसले समाज मात्र होईन सिंगै देशको सामाजक, आर्थिक एंव राजनितिक संरचनालाई समेत प्रभाव पार्दछ ।

समाजमा विभिन्न समुदायहरु समाजका विभिन्न कुराहरु बाट वहिष्कृत हुदै आएका छन् । जस्तै क्षेत्रिय उत्पीडन्, भाषिक उत्पीडन्, धार्मिक उत्पीडन्, वर्णात्मक उत्पीडन्, र जातिय उत्पडिन् आदि । सामान्य अर्थमा माथिका सबै प्रकारका उत्पीडनहरुले आ आफ्नै किसिमका समस्याहरु बोक्दै आई रहेका छन् । जस मध्ये जातिय उत्पीडन् समाज एंव देशको संवृद्धिमा एउटा बाधक समस्या हो । यसले समाज तथा मुलुकको सिंगै भविष्य सुन्दर र सू सम्पन्न हुन बाट रोकेको हुन्छ । जातकै कारण आज प्रतिभा भएका व्यक्तिहरु त्यै पुरानै पुर्खाहरुको कामलाई अंगाल्दै जीवन गुजारी रहेका छन् ।

जातिय विभेद एंव वहिष्करण एउटा त्यस्तो जटिल समस्या हो । जसले जातिय आधारमा तल परेका व्यक्तिहरु माथिको स्वतन्त्रतालाई सिधै अस्विकार गर्छ । अर्थात जात सानो भएकै कारण उसले स्वतन्त्ररुपमा समाजमा शिर ठाडो पारेर हिड्न पनि सक्दैन । आफुले चाहेको काम मन लागि गर्न पनि पाउदैन । यदि कतै पाई हाल्यो अथवा पाउने वातावरण मिल्यो भने उसले ठुला कहलिएका जातिहरु बाट मानसिक एंव भावनात्मक सम्बन्धबाट वहिष्कृत हुन स्विकार्नु पर्दछ । जसको उदाहरण महोत्तरीका एक जना दलित समुदायका “रामदि राम” लाई लिन सकिन्छ । बहुप्रतिभा भएका रामदि रामले एमबिबियस पढ्दै गर्दा जातकै कारण भोग्नु परेका समस्याहरु जातिय वहिष्कारको एउटा जल्दो बल्दो उदाहरण हो ।

जातिय वहिष्करण एंव विभेद दक्षिण एसियाका भारत,बंगलादेश,श्रीलङ्का र नेपालमा मौलाउदै गएको एक बिषालु जरा हो । जसले मानव जातिको स्वतन्त्रतामा निकै असर गरेको छ । मानिस भएपछि उसले पाउनु पर्ने अधिकार स्वतन्त्ररुपमा पाउनु पर्छ । प्रकृतिमा भएका सम्पुर्ण वस्तुहरुको सहि

र सजिलै उपभोग गर्न पाउनु पर्छ । तर हिन्दु व्यवस्था कायम रहेको मुलुक तथा समाजमा यस किसिमको स्वतन्त्रता एंव अधिकार पाउन निकै कठिन भएको देखिन्छ ।

दलित समस्या एक सामाजिक समस्या हो । यसलाई निराकण गर्नु सबै जाति तथा समुदायको उत्तिकै भुमिका हुनु पर्दछ । दलित समस्या सम्बन्धि समाजशास्त्री (२०६७) चैतन्य मिश्र लेख्छन् 'दलित समस्या सांस्कृतिक समस्या मात्र होइन् । दलित समस्या दलित र दल्ने बिचको समस्या वृहत चरित्रको छ । यो संस्कृतिको चित्र भित्र खुम्चिएको र बसेको मात्र छैन । यसले धेरै  फराकिलो र बलियो किसिमले प्रणालीगत हिसाबले राजनितिक र आर्थिक क्षेत्र पनि ओगटेको छ । यो अराउने र श्रम गर्ने बिचको राजनितिक सम्बन्ध हो । तँ र हजुर भन्ने बिचको संम्बन्ध हो ।

वास्तवमा दलित समस्या एंव दलित वहिष्करण साँच्चै भन्ने हो भने सांस्कृतिक समस्या मात्र होइन् । दलित र दल्ने अर्थात दलित र गैर दलित बिचको समस्या हो । किनभने पौराणिक ग्रन्थहरुमा नै मानव जाति बिच जातियताको विभाजन र श्रम विभाजन भएको छ । जसमा एउटा निश्चित जाति भित्र जन्मेको जातिले जात अनुसार तोकेको काम गर्नु पर्छ भनिएको छ । अर्थात जात अनुसार कुनै पनि वस्तुको उपभोगमा निश्चित जातिको मात्र स्वामित्व रहने । अथवा भनौ उत्पादन र उपभोगमा स्वतन्त्रता नहुनु । यसबाट के देखिन्छ भने बाहुनले बेद पढ्न पाउने अथवा बेद पढेकै कारण बलियो र प्रतिष्ठित हुन पुग्यो र समाजको तल्लो वर्गमा राखिएको शुद्र बेद पढ्न नपाउने र नपाएकै कारण अछुत अथावा घृणित हुन पुग्यो भन्ने बुझिन्छ । किनकि दलितलाई समाजको तुच्छ काम अथवा समाजले नराम्रो दृष्टिले हेर्ने गरेको काम सुम्पिदियो ।

यो शुद्द र अशुद्द परम्परा समयको परिवर्तन संगै कालान्तरमा आइपुग्दा बिकराल समस्याको रुप लिएर आइपुग्यो । जसले आज त्यसलाई जातियताको आधारमा उच निच ठुलो सानो बिच पर्खालको सिर्जना गरिदियो । छुत र अछुत बिचको बार लगाइ दियो । दलित भएकै कारण सम्पति राख्न नपाइने,भुमि माथि कुनै किसिमको स्वामित्व राख्न नपाईले । बेद पढ्न नपाउने, ठुला जातले दिएको जुठो खाने,रैति भएर ठुला जातको सेवा गर्ने , सार्वजनिक ठाँउ एंव समाजिक समारोहमा जान नपाईले जस्ता कुर र अमानविय व्यवस्था शाषकहरुले चलाउदै आए । त्यसै गरी दलित सम्पुर्णरुपमा तल ठेलिदै गए । आर्थिक र समाजिक रुपमा झनै गिर्दै गए ।

समाजमा अरुले दिएको खाएर बाँचेको मान्छेको कुनै हैसित हुदैन भन्ने त नेपाली समाजको दैनिक जीवनमा आइरहेकै कुरा हो । त्यसले गर्दा समाजको परजिवि व्यक्तीलाई तँ अथवा तुच्छ र हुने खाने शाषकलाई हजुर,तपाई भन्ने गर्दछन् ।

जयस्थिति मल्लले हिन्दु वर्णव्यवस्था अनुसार नेपाली समाजलाई चार वर्णमा विभाजन गरेर जात अनुसारको काम तोकिदिए पनि त्यहाँ जन्मको आधारबाट तल्लो जातमा जन्मे पनि कामको आधारमा माथिल्लो जातमा गएको कुराहरु जनबोलीमा सुन्न पाईन्छ । अथवा राम्रो काम गरे जात बढ्ने र नराम्रो काम गरे जात घट्ने परम्परा थियो भन्न सकिन्छ । यद्दपि कहिँ लेखिएको भने छैन । तर जसै गरि जङ्गबहादुरको उदयले (वि स १९१०) मा कुर मुलुकि ऐन बनायो तब देखि नेपाली समाजमा जातियता र छुवाछतको प्रथाले ठुलो रुप लिएको हो ।

हिन्दु अहंकारवादि व्यवस्थामा झेलिएको नेपाल जस्तो अल्पविकसित र रुढिबादी परम्परामा बाँचेको समाजमा दलित समस्या सबै भन्दा ठुलो समस्याको रुपमा रहदै आएको छ । हिन्दुवादि व्यवस्थाको एउटा समान्य उदाहरण हेरौ,जस्तो मान्छे र जनावरमा विल्कुल फरक छ । तर मान्छेलाई सानो जात भएकै कारण दैलो भित्र पस्न नदिनु र जसलाई हामी तुच्छ नाम दिएर बोलाउने कुकुरलाई पस्न दिनु बिचमा धेरै ठुलो समस्या छ । यस उदाहरणबाट के बुझिन्छ भने दलित त मान्छे नै हैन । यो नेपाली समाजको जातिय वहिष्करणको एउटा गतिलो उदाहरण हो ।

यसै परिपेच्छेमा चैतन्य मिश्र (२०६७) लेख्छन् ‘एउटा दलित नागरिक होकि ,अर्ध नागरिक वा रैति हो ? मिश्रको यस कथनलाई नियालेर हेर्ने हो भने नेपाली समाजमा दलित समुदायले के नागरिककै उपमा पाएर बाँचेका छन त ? विल्कुल छैनन् । नागरिक नागरिकताको खोष्टो कागज मात्र होईन,नागरिक भए पछि नागरिक सित स्वतन्त्र नागरिक भएर बाँच्न पाउने अधिकार हुनुपर्छ, उ सित निजि सम्पतिको स्वामित्व हुनुपर्छ, भुमिको स्वामित्व हुनुपर्छ, अधिकारको स्वामित्व हुनुपर्छ, देशको परिधि भित्र सम्पुर्ण कृतिम र प्राकृतिक वस्तुहरु माथि उसको सतप्रतिशत स्वामित्व हुनुपर्छ तब मात्रै उ नागरिक हुन्छ । तर नेपाली समाजको परिपेच्छेमा हेर्ने हो भने दलित केवल भोट दिन पाउने हकमा मात्रै नागरिक भएको देखिन्छ । अरु सवालमा सधै अर्ध नागरिक वा रैति नै भएको देखिन्छ ।

नेपालको इतिहाँसमा २०६२,०६३ सालको दलित मुक्ति एंव विभेद अन्यको नारा लगाउनु अथवा त्यसलाई संविधानको दस्ताबेजमा राख्नु भन्दा पहिले दलित शब्दलाई कहिँ पनि आधिकारिकता

दिएको पाइदैन् । यद्दपि छवाछुत भने यथावथ नै थियो । तर २०६२,०६३ सम्म मौलाउदै गएको माओवादि जनयुद्धको असफल प्रयास पछि सात दलहरु सित १२ बुदे सहमति भएर ,खुला राजनितिक रुपमा आएको माओवादिले राजनितिको नाममा दलित शब्दलाई संविधानमै राखिदियो । र छुवाछुत तथा जातिय विभेदको अन्य , जातकै आधारमा कुनै पनि व्यक्तिलाई विभेद गर्न नपाईने ,यदि कहिँ कतै विभेद र सार्वजनिक क्षेत्रमा जातकै आधारमा कुनै व्यक्तिलाई सहभागि हुन नदिएमा कानुन बमोजिम कडा भन्दा कडा कार्बाही हुनेछ भनियो र दलितहरुको विकासको लागि आरक्षण सिटको व्यवस्था गरिदियो ।

सामान्य अर्थमा माओवादिको यो कदमबाट के बुझ्न सकिन्छ भने, तिमीहरु अछुत त थियौ तर आज देखि दलित पनि आधिकारिक रुपै भयौ । तिमीहरुको लागि निश्चित कोटा दिएका छौ । तिमीहरु त्यसमा चित्त बुझाउ र सधैभरि दलित भने रहिनै रह ।

नेपालमा दलित मुक्तिको संम्बन्धमा विभिन्न प्रकारको घोषणा त भयो । तर त्यो व्यवहारिक पुर्णरुपमा कार्यनयन हुन सकेन । यद्दपि केहि हदसम्म भयो भन्न सकिन्छ । यस विषयमा चैतन्य मिश्र ( २०६७) अगाडि लेख्छन् । “ दलित सम्बन्धमा छुवाछुत मुक्त गर्ने प्रस्ताव हिन्दु सामन्तवादि राज्यसत्ताले दलित बारे लिदैआएको परम्परागत नितिको नयाँ संस्करण मात्रै हो ।”

नेपालको राजनितिक इतिहाँसमा दलित मुक्तिको नाममा विभिन्न आन्दोलन भए,विभिन्न काल खण्डमा विभिन्न शासकहरुले आफ्ना राजनितिक स्वार्थको नाममा दलित मुक्तिको मुद्धालाई ढाल बनाए,जस्तै २०२१,०३६,०४७ साल सम्म दलितको मुद्धालाई लिएर आन्दोलन पनि भए तर त्यसलाई व्यावहारिक रुपमा कहिले पनि कार्यनयन भए । केवल दलितको मुद्धालाई सिडि बनाएर माथि उक्लिनेहरुको जमात मात्र देखियो । रछ्यान बाट महलमा पुग्यो सकियो । फेरि अर्कोले यसै मुद्धालाई पुर्नजीवन दिलाउन खोजे माथि उठे सकियो । तर लाग्छ , यो दलित मुद्धा केवल दलितको मुखमा छारो हाल्नको लागि मात्रै बाहिर प्रचार गरिएको थियो । भित्र यस जटिल विषयमा सायद कसैको चाँसो थिएन ।

एकताका प्रचण्डपथको खुब चर्चा थियो, भन्थे हामी सर्वाहारा र दलितको मुक्तिको लागि जंगल पसेका हौ । हाम्रो क्रान्तिको मुल नारा नै पिछडिएका समुदाय र दलित समुदायहरुका लागि हो भन्थे । त्यस बेला हामी सबैलाई लागेको थियो ,साँच्चै माओवादिहरुको यो यात्राले वा अभियानले

नेपाली समाजमा ब्याप्त पिछडा वर्ग एंव छुवाछुत जस्तो कुप्रथाले ग्रस्त दलित समुदायको मुक्त गर्छ त ? धेरैको अपेच्छा पनि थियो ,माओवादिले देशमा संवृद्धि ल्याउछ र यहाँका पीछडिएका दलित समुदायहरुको मुक्ति हुन्छ । त्यसको लागि माओवादिलाई निर्वाचनमा जिताए पनि तर कुरो उहि भयो “जुन जोगि आए पनि कानै तिरेका” समस्या ज्यँका त्युँ ।

यसबाट के बुझिन्छ,दलित मुक्तिको लागि कोहिँ पनि राजनितिज्ञहरु लडेकै होईनन् । यो केवल दलित बारे लिइदै आएको नयाँ संस्करण मात्र हो ।

अन्यमा जातिय भेदभाव एवं बहिष्कार एक प्रकारको त्यस्तो कठोर प्रथा अथवा हिन्दु निरङ्कुशंवादि व्यवस्था हो जस्ले गर्दा समाजको तल्लो वर्गमा राखिएका दलितहरुलाई समाजका धार्मिक,साँस्कृतिक तथा आर्थिक पक्षहरुमा निकै पछाडी पारेको छ । समाजका अरु गैर दलितहरु सरह स्वतन्त्र रुपमा बाँच्न एवं काम गर्न नदिनु जस्तो कुप्रथाले गर्दा समयको परिर्वतन संगै उनीहरुको जीवन सामाजिक, आर्थिक एवं मानसिक रुपमा पनि बहिष्कृत भएको देखिन्छ । त्यसको एउटा उदाहरणको रुपमा दलितहरुलाई प्रकृतिमा पाईने बहुमल्य जडिबुटी यार्सागुम्बा उपभोगमा समेत जातिय आधारमा बहिष्कार गर्नु हो ।

यस परिच्छेदमा दार्चुलाको अपि हिमाल गाँउपालिका वार्ड न. ४ मा बसोबास गर्दै आएका दलित समुदायलाई उक्त क्षेत्रमा पाईने बहुमुल्य जडिबुडी यार्सागुम्बा संकलन गर्नमा रोक लगाएको एवंम बहिष्कार भएको सिधै देखिन्छ । नेपालको अन्तरिम संविधान २०६३ ले नेपाल भित्र बसोबास गर्ने जो कोहिलाई पनि जातिय एवंम धार्मिक आधारमा कुनै पनि किसिमको भेदभाव एवंम बहिष्कार गर्न नपाईने ऐन कानुन बनाएता पनि नेपालका ग्रामिण भेगमा अझै सम्म सो कानुन व्यवहारिक रुपमा अभ्यास भैरहेको पाईदैन् ।

त्यसले गर्दा नेपालको सदियौ देखि जातिय विभेदको आधारमा नरकिय जिवन बाँचिरहेका दलितहरु अझै सम्म समाजका विभिन्न कुराहरु बाट सामाजिक एवंम मानसिकरुपमा बहिष्कार हुदै आएका छन । त्यसैले गर्दा यस सोभ पत्रमा देशले छुवाछुत ,भेदभाव एवंम बहिष्कार जस्ता जघन्य अपराधहरु कानुनि रुपबाटैं उन्मुलनको घोषणा गरेता पनि अझै सम्म पुर्णरुपमा कार्यानयन भएको छैन । त्यसले गर्दा अझै सम्म दलितहरु  पिडामा जिवन बेथित गरिहेका छन । दलितहरुमा मान्छे भएर पनि मानिस बाटै बहिष्कृत हुदा दलितहरुको सामाजिक एवंम आर्थिक जिवनमा ठुलै असर परेको छ ।

**२) समस्याको कथन**

जातिय विभेद नेपाली समाज विकासको सबै भन्दा कारक तत्वको रुपमा उभिएको देखिन्छ । यसले नेपाली समाजलाई विखण्डन र विभाजन तिर धकेली रहेको छ । नेपाली समाजमा युगौ देखि जरा गाढेर बसेको जातिय विभेद र वहिष्करणको मुल कारक तत्व भनेको नै हिन्दुवादी वर्णव्यवस्था हो । जसले जात अनुसारको श्रमविभान गरेको थियो । जस अर्न्तगत समाजले तुच्छ तथा घृणाको दृष्टिले हेर्ने कामको कार्यविभाजन शुद्र वर्णमा पर्ने अर्थात अछुत जातमा पर्ने दलित समुदायलाई सुम्पिदिएको थियो ।

कुनै पनि समाज संवृद्धिको शिखरमा पुऱ्याउनलाई त्यस समाजमा व्यापक रुपमा मौलाई रहेको वर्गविभेदको पर्खाल भत्काउनु आवश्यक हुन्छ । जबसम्म कुनै पनि समाज एंव मुलुकमा विभेद एंव वहिष्करण अन्त्य सम्बन्धि राम्रो निति ,नियम र त्यसलाई व्यावहारमा ल्याउन सकिदैन । तब सम्म साजाजिक, आर्थिक र राजनितिकरुपमा वर्णव्यवस्थामा तल्लो पिँधमा परेका जातिहरु सधै बहिष्कार भैईनै रहन्छन् ।

विश्वका विभिन्न समाजहरु विभिन्न कुराहरुबाट वहिष्कृत हुदै आएका छन् । जस्तै साँस्कृतिक, धार्मिक, आर्थिक, राजनितिक, भाषिक, वर्णात्मक, जातियता ,क्षेत्रियता आदि । यसको मुल कारक तत्व भनेको राजनितिक लचिलोपना ,दाउपेच, एंव अधिनायकतत्ववादि कुनितिको कारणले गर्दा हो । यसबाट विश्वका धेरै समाज एंव जातिहरु विभेदित एंव बहिष्कृत हुदै आएका छन् ।

वहिष्करण एंव विभेदको एउटा मुख्य कारक तत्व भनेको धर्म पनि हो । जसबाट दक्षिण एसियामा अवस्थि भारत, बङ्गलादेश ,पाकिस्तान र नेपालमा यसको जरा निकै व्यापकरुपमा बढेको देखिन्छ । अझ भारत र नेपालमा त झनै हिन्दुवादि व्यवस्थाले जातियताको नाममा वहिष्करण भन्ने कारक तत्वलाई निकै मलजल गरेको देखिन्छ । जस अर्न्तगत हिन्दु वर्णव्यवस्थामा पिँधमा परेका दलित समुदाय परेका छन् । जसलाई अछुत वा छुन नहुने जातिको संज्ञा दिएका छन् ।

नेपाली समाजमा यस किसिमको कुप्रथा एंव हिन्दुवादि दलालि परम्पराको इतिहाँस करिब २०० वर्ष लामो मान्न सकिन्छ । यसबाट दलितहरु सदियौ देखि दलनमा पर्दै आएका छन् । जसले गर्दा दलित समुदायको समाजिक,आर्थिक ,राजनितिक अवस्था अतिनै खस्किदै आएको छ । नेपाली राजनितिक

पार्टीहरुले दलितको मुद्धालाई लिएर धेरै प्रकारका अभियान एंव आन्दोलनहरु गरेका पनि छन् तर ती राजनितिक दलहरुले आफुहरु निश्चित पथमा पुगेपछि दलित मुद्धालाई गुमनाम नै राखेको देखिन्छ ।

माओवादि एकता केन्द्रको एउटा क्रान्तिले केहिहतसम्म दलितको मुद्धालाई लिएर २०६३ सालमा छुवाछुत मुक्त समाज भनि घोषणा त गऱ्यो तर त्यो संविधानको पानामा मात्रै सिमित रह्यो । आज पनि नेपाली समाजमा छुवाछुत र जातिय विभेदको अवस्था दुरस्तै देखिन्छ ।

विभिन्न समाजमा गैर दलितले दलितलाई गर्ने व्यवहारमा खासै परिवर्तन भएको देखिदैन । आज पनि नेपालका दुर दराजमा बस्ने दलित समुदायले दलित भएकै कारण विभिन्न धार्मिक समारोहमा भाग लिन एंव प्रकृतिमा निशुल्क रुपमा पाईने विभिन्न दैनिक उपभोग्य वस्तुबाट दलित भएकै कारण वहिष्कृत हुनुको उदाहरण ब्याप्त छ । जसको एउटा उदाहरण हो यार्सागुम्बा संकलनमा जातिय बहिष्करण ।

दार्चुला जिल्लाको अपि हिमाल गाँउपालिका वार्ड ४ मा बसोबास गर्दै आएका दलितहरु अन्य क्षेत्रका दलितहरु जस्तै जातियताको आधारमा विभेद एवंम बहिष्कृत भएका छन् । नेपालको संविधान २०६३ ले दलितलाई कुनै पनि किसिमले भेदभाव एवं बहिष्कार गर्न नपाइने र यदि उक्त व्यवस्था मिचेर यदि कसैले दलितमाथि विभिन्न कुरामा बहिष्कार एंव भेदभाव गर्छ भने कानुन बमोजिम दण्डनीय हुनेछ भनिएको भए तापनि त्यहाँका गाँउ समाजमा अझै सम्म जानी नजानी छुवाछुत जस्ता कुसंस्कारहरु अंगालेकै देखिन्छ ।

समाजमा दलित माथि अझै विभिन्न किसिमका भेदभावहरु भईरहेका नै छन् । जस्तैः मन्दिर पस्न नदिनु, धाराको पानी पिउन नदिनु, देवीदेवताको पुजाआजा गर्न नदिनु, कुनै जात्रा एंव धार्मिक समारोहमा समावेश हुन नदिनु ,कुनै प्राकृतिक सम्पदा जस्तै बहुमूल्य, जडीबुटीहरुको उपभोग गर्न नदिनु आदि ।

यी विभिन्न समस्याहरु मध्ये एउटा समस्या हो । दार्चुला जिल्लाको अपि हिमाल गाउँपालिका वार्ड नं. ४ मा बसोबास गर्दै आएका दलितहरुलाई उक्त क्षेत्रका केही ठाउँमा पाइने बहुमूल्य, जडीबुटी यार्सागुम्बा उपभोग गर्नमा बकिष्कार गर्नु । अर्थात् उनीहरुलाई त्यस क्षेत्रमा आउन नदिनु । आजभन्दा १०, १५ वर्ष पहिले त दलितहरुलाई त्यहाँको कुनै क्षेत्रमा पनि यार्सा गुम्बा टिप्न रोक थियो । तर २०६३ को संविधानले जातिय छुवाछुत एंव भेदभाव अन्त्यको घोषणा गऱ्यो । त्यसको

ठ्याक्कै सात वर्ष पछि उनीहरुलाई यार्चागुम्बा संकलन गर्नमा केहि हदसम्म समावेश गरिएको थियो । तर धार्मिक संरचनाहरु भएको ठाउँमा उनिहरुलाई अझै सम्म जान दिएका छैनन् ।

देशमा विभिन्न परिवर्तन भैसक्दा पनि ,विभिन्न घार्मिक क्षेत्रमा अरु सरह मन खुशिले जान पाउने व्यवस्था भैसक्दा पनि दार्चुला जिल्लाको उक्त क्षेत्रमा बसोबास गर्ने दलित समुदाय किन अझै बहिष्करणको चपेटामा परेका छन् ? त्यसले गर्दा उनीहरुलाई कस्तो खालको समस्या परेको छ ? दलित अझै विभिन्न क्षेत्रमा बन्देज गरिनुको पछाडि के कारण हुन सक्छ ? यी यस्ता यावत कुरामा अनुसन्धान हुन अति आवश्यक छ ।

दलितको मुद्धालाई लिएर विभिन्न विद्धानहरुले विभिन्न क्षेत्रको खोज एवं अनुसन्धान र थरी थरीका किताबहरु प्रकाशन गरेका छन । तर पनि अझै सम्म दार्चुला जिल्लाको अपिहिमाल गाउँपालिका वार्ड नं. ४ मा बसोबास गर्दै आएका दलितहरुलाई उक्त क्षेत्रका केही ठाउँमा पाइने बहुमूल्य, जडीबुटी यार्सागुम्बा उपभोग गर्नमा जातिय विभेद एवं बकिष्कार गरेको सर्न्दभमा अहिले सम्म कसैले पनि खोज एवं अनुसन्धान गरेको देखिदैन । त्यसैले मैले मेरो सोधको विषय दार्चुला जिल्ला अपि हिमाल गाउँपालिका वार्ड ४ मा दलितहरुले प्रकृतिमा पाईले बहुमुल्य जडिबुटी यार्सागुम्बा उपभोग गर्न नपाउनुको कारण के हो ? र त्यसले गर्दा दलितहरुको आर्थिक एंव सामाजिक जीवनमा कस्तो प्रभाव परेको छ ? भन्ने बारेमा निम्न समस्याहरु प्रस्तुत गरेको छु ।

(क) दलित समुदायलाई उक्त क्षेत्रमा यार्सा गुम्बा संकलन गर्नमा गैर दलितहरुले रोक लगाउनुको कारण के हो ?

(ख) यार्सागुम्बा जस्तो बहुमुल्य जडिबुडी संकलनमा बहिष्कार हुनुले दलितहरुको आर्थिक एवं सामाजिक जिवनमा कस्तो प्रभाव परेको छ ?

(ग) कानुनले नै दलित भनेर कुनै पनि समुदायलाई कुनै पनि क्षेत्रमा र कुनै पनि वस्तुको उपभोगमा रोक लगाउन पाइने छैन । यदि गरिहाले कानुन बमोजिम कार्बाहि गरिने भनेता पनि किन दलितहरुले आफ्नो अधिकारको लागि लडेनन्त ?

**३) अध्ययनको उद्देश्य**

कुनै पनि खोज एवम् अध्ययनको उद्देश्यले मौलिक पहिचान बोकेको हुन्छ । सोहीअनुसार यस खोज एवम् अध्ययनको पनि निम्न प्रकारको विशिष्ट उद्देश्यहरु रहेका छन् ।

(क) दलितहरुलाई अरु गैर दलित समुदायले विभिन्न ठाँउमा गर्ने व्यवहारको अध्ययन गर्नु ।

ख) जातकै कारण विभिन्न सार्बजनिक क्षेत्र एवंम सामाजिक समारोहमा सहभागि हुन नपाउनुले उनिहरुको मानसिक एवंम दैनिक जिवनमा पारेको असरको अध्ययन गर्नु ।

(ग) दलित समुदायमा वर्णव्यवस्था एवंम कुर मुलुकी ऐनले उनिहरुको सामाजिक एवंम आर्थिक अवस्थामा पारेको प्रभावको अध्ययन गर्नु ।

**४) अध्ययनको औचित्य**

कुनै पनि अनुसन्धानको अर्थ वा औचित्य कुनै विषय वा जटिल समस्याको बारेमा गहनरुपमा अनुसन्धान गरि कुनै समस्याको ठोस अवस्था सम्म  पुग्नु र त्यसको निराकरण वा त्यसलाई निराकरण गर्न सकिने बाटो सम्म पुग्नु भन्ने हुन्छ । अझ सजिलो भाषामा भन्ने हो भने ,कुनै पनि अनुसन्धानले आफैमा एउटा विशिष्टरुप बोकेको हुन्छ । जो अनुसन्धानको उदेश्य मुख्य गरि समस्याको जरा पत्ता लगाउनु हुन्छ । विभिन्न अनुसन्धानका पाटाहरु मध्ये जातियताको आधारमा समाजका विभिन्न किसिमका सेवा,सुविधा र अधिकारबाट वञ्चित हुनु अनुसन्धानको एउटा महत्वपुर्ण पाटो हो ।

अनुसन्धानको औचित्य कुनै समस्या कसरी आयो र त्यसबाट पार पाउनका लागि कस्तो खालको पद्धति अपनाउनु पर्छ र त्यसले केहि हलसम्म भए पनि त्यस समस्यालाई हल गर्नमा मदत पुगोस भन्ने हुन्छ ।

जातियता माथिको समस्या वा वहिष्करण सम्बन्धिमा थोराट, (२०१२ ) लेख्छन् ,“अधिकारहरु जात अनुसार असमान र निश्चित मात्र छैनन् जातको स्तर अनुसार श्रेणिकृत पनि छन । यस बाहेक केहि पेसा वा आर्थिक क्रियाकलाप माथिल्लो स्तरका ठानिन्छन् भने केहि लाई तल्लो स्तरका । यसबाट पवित्र र अपवित्र भन्ने कलङ्मा आधारित श्रेणिबद्ध संरचनालाई पालन पोषण गरिन्छ ।”

थोराटको यो कथनलाई नियालेर हेर्दा अधिकारहरु जात अनुसार असमान रुपमा रहेका छन । जसले गर्दा समाजमा असमानताको स्थिति पैदा हुन्छ र यसबाट पवित्र र अपवित्र भन्ने कलङ्मा आधारित श्रेणिबद्ध संरचनालाई पालन पोषण गरिन्छ ।” यस्तो किसिमको व्यवस्थाले गर्दा समाजमा

विभिन्न वर्ग बिच द्वन्दको स्थिति पैदा हुन्छ । त्यसैले यस्ता भैपरि आउने समस्याहरुको समाधान गर्नका लागि अनुसन्धानको औचित्य महत्वपुर्ण रहन्छ ।

जात व्यवस्था, राजनितिक दृष्टिले यो अछुतहरु माथिको उत्पिडनको स्रोत र स्वयममा आलोकतान्त्रिक मात्र होईन, यो लोकतान्त्रिक एकता वा राष्टिय एकिकरण प्राप्त गर्ने बाटोको तगारो पनि हो । जातले जनताको संगठनमा अवरोध पैदा गर्छ , एकतामा अवरोध पैदा गर्छ र देशको अग्रगमनमा अवरोध पैदा गर्छ । आर्थिक दृष्टिले जातले पूर्वनिर्धारित जिवन शैलिलाई स्वीकार गर्ने मानसिकतालाई पुठ दिएर तथा नवीनतालाई हतोत्साहित गरेर जनसमुहलाई उनिहरुको आर्थिक भुमिकाको सर्न्दभमा खण्डित तुल्याउदै वृद्धिदरमा रुकावट पैदा गराउछ ।

त्यसकारण यस अध्ययनको औचित्य विभिन घार्मिक एवंम जातिय व्यवस्थाले जुन कारण मानव भएर पनि अमानवको रुपमा दिन दिनै बहिष्कारको शिकार बनेका छन । जसले गर्दा उनिहरुको दैनिक जिवन एकदमै दयनिय बन्दै गएको छ । जसले गर्दा देशको नागरिक भएर पनि राज्यका विभिन्न अधिकारबाट पखालिएका छन् , हो त्यसको मुक्ति र उन्मुलनको लागि यस अनुसन्धानले एउटा सिडिको काम गर्नेछ ।

## अध्याय - दुई : साहित्यको पुनरावलोकन

### १) साहित्य समीक्षा

#### क) सन्दर्भ सामाग्री

नेपाल विभिन्न भाषा, धर्म, संस्कृति र जाति बोकेको मुलुक हो । यस मुलुकभित्रका भाषा, संस्कृति एवम् जातिहरुको बारेमा नेपाल लगायत विश्वका प्रसिद्ध अनुसन्धानकर्ता एवम् समाजशास्त्रीहरुले अध्ययन एवम् अनुसन्धान गरेका छन् । नेपाल खाल्डो भित्रका जाति एवम् जनजातिको सामाजिक एवम् आर्थिक परिवर्तनको बारेमा अनुसन्धान गरेका छन् । यो सबैभन्दा ठूलो गर्भको कुरो हो ।

यद्यपि नेपालको वर्णव्यवस्थामा अर्थात् जङ्बहादुरको १९१० को मुलुकी ऐन अनुसार शुद्र अथवा कथित दलितको दर्जामा रहेका पहाडी दलित समुदायको बारेमा खोज एवम् अनुसन्धान गरे पनि दार्चुला जिल्ला अपिहिमाल गाउँपालिकामा बस्दै आएका दलित समुदायहरुमा जतिय बहिष्करणले उनिहरुको आर्थिक एवम् सामाजिक जीवनमा कस्तो प्रकारको असर परेको छ भन्ने बारेमा अहिलेसम्म कुनै अध्ययन अनुसन्धान भएको देखिँदैन तर समाजशास्त्री तथा मानवशास्त्रीहरुले चाख लिई विभिन्न जातजाति तथा समाजको खोज अध्ययन गरी बेलाबेला प्रकाशित पुस्तक रिपोर्ट र तिनीहरुको योगदान यस क्षेत्रमा उल्लेखनीय भएकोले यहाँ विभिन्न अनुसन्धानमूलक पुस्तक एवम् पत्रपत्रिकाहरुको चर्चा गरिएको छ ।

दलित समस्या एक सामाजिक समस्या हो । यसलाई निराकण गर्नु सबै जाति तथा समुदायको उत्तिकै भुमिका हुनु पर्दछ । दलित समस्या सम्बन्धि समाजशास्त्री (२०६७) चैतन्य मिश्र लेख्छन् 'दलित समस्या सांस्कृतिक समस्या मात्र होइन् । दलित समस्या दलित र दल्ने बिचको समस्याको सांग्रिक र वृहत चरित्रको छ । यो संस्कृतिको चित्र भित्र खुम्चिएको र बसेको मात्र छैन । यसले धेरै फराकिलो र

बलियो किसिमले प्रणालीगत हिसाबले राजनितिक र आर्थिक क्षेत्र पनि ओगटेको छ । यो अहराउने र श्रम गर्ने बिचको राजनितिक सम्बन्ध हो । तँ र हजुर भन्ने बिचको संम्बन्ध हो ।

यसै परिपेच्छेमा चैतन्य मिश्र (२०६७) लेख्छन् 'एउटा दलित नागरिक होकि ,अर्ध नागरिक वा रैति हो ? मिश्रको यस कथनलाई नियालेर हेर्ने हो भने नेपाली समाजमा दलित समुदायले के नागरिककै उपमा पाएर बाँचेका छन त ? विल्कुल छैनन् । नागरिक नागरिकताको खोष्टो कागज मात्र होईन,नागरिक भए पछि नागरिक सित स्वतन्त्र नागरिक भएर बाँच्न पाउने अधिकार हुनुपर्छ, उ सित निजि सम्पतिको स्वामित्व हुनुपर्छ, भुमिको स्वामित्व हुनुपर्छ, अधिकारको स्वामित्व हुनुपर्छ, देशको परिधि भित्र सम्पुर्ण कृतिम र प्राकृतिक वस्तुहरु माथि उसको सतप्रतिशत स्वामित्व हुनुपर्छ तब मात्रै उ नागरिक हुन्छ । तर नेपाली समाजको परिपेच्छेमा हेर्ने हो भने दलित केवल भोट दिन पाउने हकमा मात्रै नागरिक भएको देखिन्छ । अरु सवालमा सधै अर्ध नागरिक वा रैति नै भएको देखिन्छ ।

नेपाल समाजशास्त्री गोपाल सिंह नेपाली सन् १९६०-६५ मा काठमाडौंको कीर्तिपुर नगरपालिको पाँगामा नेवार जातिको बारेमा खोज एवम् अनुसन्धान गरिएको पुस्तक (The Newar Newar Culture) को जानकारीका साथै नेवार जातिको अरु जातिसँगको सम्बन्धको जानकारीको लागि महत्वपूर्ण छ ।

सन् १८११ मा कार्क पेट्रिकको पुस्तक An Account of the Kingdom of Nepal, सन् १८१९ मा ह्यामिल्टन (The Kingdom of Nepal) र हड्सनको पुस्तक सन् (१८७४, १८८०) मा प्रकाशनले नै नेपालको जानजाति अध्ययनलाई विश्व सामु चिनाएर निकै सहयोग पुगेको देखिन्छ (जोशी, २०७१) ।

जातीय विभेद एक प्रकारको त्यस्तो कठोर प्रथा हो, जसले गर्दा जातीय व्यवस्थाले पिँधमा पारेको जातमा निकै ठूलो असर गरेको हुन्छ । हिन्दु वर्णव्यवस्थामा आधारित जातीय व्यवस्थामा जातलाई चार भागमा विभाजन गरिएको छ : ब्राह्मण, क्षेत्रीय, वैष्य र शुद्ध । यी वर्णव्यवस्थामा राखिएको जातमध्ये पिँधमा रहेको जात शुद्र हो, जसलाई जातीय व्यवस्थाले कथित दलितको उपमा दिएको देखिन्छ (जोशी, २०७१) ।

अछुत जातिको उत्पत्तिको बारेमा खत्री (२०५६) लेख्छन् : पुरुष सुस्तको वर्णन अनुसार प्रारम्भमा 'पुरुषको' विभिन्न चार अंगबाट जस्तैः मुखबाट ब्राह्मण, काँधबाट क्षेत्रीय, जाँघबाट वैश्य र

पाउबाट शुद्र, भएका हुन । फलस्वरुप व्राह्मण मुखबाट जन्मेकोले उसको काम पढ्ने, पढाउने धर्मको व्याख्या गर्ने, राम्रो खालको शिक्षा बाड्दै हिँड्ने । त्यस्तै क्षेत्रीय काँधबाट जन्मेकोले ऊ सधैं शक्तिशाली हुन्छ त्यसैले उसको काम देश अथवा राज्यको सीमा सुरक्षा गर्ने, त्यस्तै वैष्य जाँगबाट जन्मेकोले उसको काम व्यापार गर्ने, वस्तु उत्पादन गर्ने र विवरणको कार्य गर्ने र पाउबाट जन्मेको शुद्रले सधैं अरुको सेवा गर्नु, अरुले दिएको खानु, अरुको घरमा खेतालो वस्नु । अझ भन्दा सबैभन्दा फोहरी काम गर्नु भनिएको छ ।

खत्रीद्वारा (२०५६) मा जुन किताबमा समाज वर्गीय आधारमा माथि हुँदै तल तल अथवा तल्लो खालको काम गर्नुपर्छ भनी भनिएको छ जस्तैः शुद्धले तल्लो तहको काम गर्नु, अरुको सेवा गर्नु, यही बाट थाहा हुन्छ । दलित समुदायहरु कसरी पछाडि परेका रहेछन् । समाजका राम्रा राम्रा प्रतिष्ठित कामहरु ठूला ठालुले गर्नु, राम्रा राम्रा कुराहरुमा ठूला जातकाहरुको अधिपत्य रहनु । दलित समुदायले सधैं ठुलाहरुको दास हुनु । यसरी हिन्दु समाजको यस्तो अमानवीय व्यवस्थाले दलितलाई सामाजिक एवम् आर्थिक जीवनबाट निकै पछी परेको देखिन्छ । अझ यसलाई यसरी भन्न सकिन्छ । त्यो समाजमा दलितलाई स्वतन्त्रताको कुनै हक थिएन । आफूले चाहेको काम गर्न नपाइने अर्थात् जुन काम ठूला जातकारहरुले सुम्पि दियो त्यही काम उसका साखा सन्तानहरुले पनि गर्नैपर्ने ।

नेपालभित्र रहेका जाति एवम् जनजातिहरुको बारेम एवम् समाज, संस्कृति र सभ्यताको बारेमा विभिन्न नेपाली मानवशास्त्री एवम् समाजशास्त्रीहरुको पनि महत्वपूर्ण भूमिका रहेको देखिन्छ । डोरबहादुर विष्ट (१९६४), गोपाल सिंह नेपाल (१९६५), डा. प्रयागराज शर्मा (१९७७) नेपालका दलित माथि एवम् दलित मुद्दा माथि अनुसन्धान गर्ने एक अर्का विज्ञको रुपमा विश्वभक्त दुलाल (आहुति) (२०६७, २०७७), समावेशिताको वहस गर्ने अर्का विद्वान् डा रमेश सुनाम (२०७४) आदि विद्वान्हरुको खोज अनुसन्धान एकदमै महत्वपूर्ण रहेको छ । यसले नेपाली जाति तथा समाजको खोज एवम् अनुसन्धानलाई एउटा नयाँ यात्रामा लिनको लागि महत्वपूर्ण भूमिका खेल्न सक्छ ।

त्यस्तै दलितको ऐतिहासिक एवम् वर्तमान अवस्थाको सम्बन्धमा आदिवासी जनजातिका प्रमुख मुद्दाका सम्बन्धमा, वर्तमान अवस्था र मधेशी तराई मूलका मानिसका प्रमुख मुद्दाको बारेमा खोज एवम् अनुसन्धान गर्ने विद्वान्हरुको रुपमा बेनेट (२०१३) बन्दिता सिजापति (२०१३) र दिपक थापा (२०१३) को पनि महत्वपूर्ण भूमिका रहेको देखिन्छ ।

नेपालको विकासको लागि संवृद्धिको लागि, सुशासनको लागि नेपाली समाजमा समाजवादी अवस्था अथवा नेपालमा समाजवाद ल्याउने उद्देश्यका साथ नयाँ राजनीतिक विचारको बोकेको एक संगठन वैज्ञानिक समाजवादी पार्टिको पनि नेपाली समाजको लागि एकदमै ठूलो भूमिका रहेको छ । जसको उद्देश्य हिन्दू वर्णव्यवस्थाले जातकै आधारमा दलितहरुलाई अमानवीय वर्गमा राखेको थियो । जसले गर्दा युगले काँचुली फेरीसक्दा पनि समय, समाज परिवर्तन भैसक्दा पनि गैर दलितहरुले दलितहरुलाई हेर्ने तरिका ,गर्ने व्यवहार अथवा भेदभाव ,छुवाछुत अझै पनि केही ठाउँ, समाजमा व्यापक नै छ । त्यसैले वैज्ञानिक विचार धारा बोकेको पार्टिको मुख्य उद्देश्य भनेको नै भेदभाव रहीत समाजवाद समाजको निर्णय गर्नु हो ।

दलित समुदायलाई गैर दलितहरुले हेर्ने दृष्टिकोण देशले जतिसुकै काँचुली फेर्दा एवम् देशको व्यवस्थामा अथवा कानुनमा जस्तोसुकै नियम समायोजन गरिएको भए तापनि अझै जस्ताको तस्तै छ । २०६२-६३ मा घोषणा गरिए तापनि त्यो मात्र संविधानको पानामा सीमित रहेको देखिन्छ । केही हदसम्म सरह बजार तिर त्यसको कार्यान्वयन भए तापनि पिछडिएका क्षेत्र अथवा गाउँ समाजमा अझै पनि छुवाछुत भेदभाव सक्रिय नै रहेको छ ।

(आहुति), (२०७७) मा लेख्छन् ६२/६३ को संविधानले दलितहरुले पनि अरु समुदायका मानिसहरु सरह विभिन्न सामाजिक एवम् धार्मिक भेलामा सजिलै सहभागी हुन पाउनेछन् भनिएको छ । यसले गर्दा दलितहरु माथि केही त सहानुभूति भयो अर्थात् धार्मिक क्षेत्रहरु जस्तैः मन्दिरहरुमा जान पाउनेसम्म भए तर पूर्ण रुपमा मन्दिर भित्रै गएर पूजा गर्न चाहिँ अझै बन्देज छ, यसको बारेमा एउटा घटना छ । आहुति लेख्छन् "६२, ६३ सालभन्दा पहिले डोटीको शैलेश्वरी मन्दिरमा दलित प्रवेश गर्न निषेध थियो अथवा उनीहरुलाई मन्दिर परिवारको बाहिरसम्म आउने पनि आज्ञा थिएन । तर संविधानमा घोषणा भएपछि दलितहरुले आफूले पनि मन्दिर छिर्न पाउनु पर्छ भनी आन्दोलन गरे त्यसको परिणाम उनीहरुको आन्दोलन त सफल भयो तर जुन आन्दोलन भन्दा पहिले गैर दलितहरु मन्दिरको सिला सम्म गएर पुजा गर्थे पछि दलित समुदायहरुको आन्दोलन पछि दलितहरुलाई ढोका सम्म आउन दिने र दलित गैर दलितलाई समान अवस्थामा राख्न गैर दलितहरुलाई पनि ढोकाबाट नै पुजा गर्ने प्रावधान बनाइयो ।

यो बाट के प्रष्ट हुन्छ भने दलित समुदायलाई अझै पनि भेदभाव जस्तो कुरामा गैरदलित समुदायले पछाडि पारेको नै देखिन्छ । गैर दलितहरुको सोचाइमा अझै पनि दलितले धर्मले बनाएको

ईश्वरको पूजा गर्नु हुँदैन अथवा दलितहरुले ईश्वरको पूजा एवम् दर्शन गरे पाप हुन्छ भन्ने जस्तो नै निचोड रह्यो ।

जातिय भेदभाव र छुवाछुत सम्बन्धी केही महत्वपूर्ण संवैधानिक र कानुनी व्यवस्थाहरु भए, मुलुकी ऐन (२०२०) ले छुवाछुत भेदभाव गर्न नपाइने प्रावधान उल्लेख गरिदियो । तर सनातनदेखि चलिआएको परम्परा र भेदावलाई दण्डनीय बनाएन ।

नेपाल अधिराज्यको संविधान (२०४७) मा मौलिक हक भित्र समानताको हकमा लेखिएको छ "कुनै पनि व्यक्तिलाई जातिपातिका आधारमा छुवाछुत भेदभाव गरिने वा सार्वजनिक स्थलमा उपस्थित हुन वञ्चित गरिने छैन ।यस्तो कार्य गरेमा कानुन बमोजिम दण्डनीय हुनेछ ।" तर धर्म सम्बन्धीहरुमा "प्रत्येक व्यक्तिलाई प्रचलित परम्पराको मर्यादा राखी सनातन देखि चलिआएको आफ्नो धर्मको अलम्बन र अभ्यास गर्ने स्वतन्त्रता हुनेछ (सुनाम (२०७४) ।

त्यस्तै नेपालको संविधान २०७२ ले छुवाछुत तथा भेदभाव विरुद्धको हक : (१) कुनै पनि व्यक्तिलाई निजको उत्पत्ति, जातजाति समुदाय पेसा, व्यवसाय वा शारीरिक अवस्थाको आधारमा कुनै पनि निजी तथा सार्वजनिक स्थानमा कुनै प्रकारको छुवाछुत वा भेदभाव हुने छैन ।

**(ख) यार्सा गुम्बाको सामान्य परिचय**

एउटा जीवित किरा कसरी मूल्यावान वनस्पति-वस्तुमा रुपान्तरित हुन्छ भन्ने कुरा यार्चागुम्बाको कथाको सार हो । चिनिया भाषामा दोङ छोङ सिया छ । ओ अथवा छोटकरीमा छोङ्गछओ (Chongcao) र तिब्बतीमा यार्चागुम्बु (Yartsagunbu) भनेर चिनिने यो च्याउ किरा नेपालीमा यार्चागुम्बा वा यार्सागुम्बाको नामले प्रचलित छ ।

नेपालमा स्थानीय भाषाअनुसार यार्चालाई किरा, च्याउ, जरा, जीवनबुटी, सरमबुटी आदि नामहरुले चिनिन्छ । भारत र भुटानमा पनि यिनै नामले यसलाई पुकारिन्छ । वर्षामा घाँस र हिउँदमा किरा भन्ने अर्थसंयोगले तिब्बती यार्चागुम्बु शब्द बनेको देखिन्छ । "यार" भनेको वर्षा, "चा" भनेको घाँस, "गुन्" भनेको हिउँद र "बु" भनेको किरा हुन्छ (आचार्य २०६८) ।

हिउँदको समयमा सक्रिय रहने यो किरा वर्षा ऋतुको शुरुआतसँगै क्रमिक रुपमा सुषुप्न बन्छ । सोही समयमा च्याउ बन्ने स-साना कणयुक्त जीवाणु उक्त किराको शरीरभरि फैलिन्छ । यसरी एउटा

झुसिल किरा लार्भावस्थामा पुग्छ । लार्भाको टाउकोबाट तिखो सिङ उम्रन थाल्छ । यतिखेरको झुस वा रौँयुक्त किरा सेतो वा दुधिलो रंगमा जीवितै जमिनमाथि देख्न पनि सकिन्छ । यसपछि किरा जमिनभित्र पस्छ । समय बितेसँग किराको सिङ ठूलो हुँदै जान्छ र किरा अचलायमान अवस्थामा पुग्छ वा मर्छ । मरेपछि यो सुनौलो रंगमा रुपान्तरित हुन्छ र यसको सिङ एक प्रकारको घाँसको रुपमा जमिनबाहिर निस्कन्छ । जरालाई छाडेर उम्रने भागको औसत लम्बाई २ देखि ४ सेन्टिमिटरमा हुन्छ । यसको आधाभन्दा कम भाग जमिनबाहिर देखिन्छ । यसरी एउटा किरा एकसिङे घाँसको जराको रुपमा अवस्थित हुन्छ (विकलर सन् १००५) ।

**(ग) यार्सा गुम्बा संम्बन्धी अध्ययनहरु**

जिल्ला वन कार्यालय २०६७; विकलर सन् २००८) । यसको जीवनचक्र कोर्डिसेप्स (Cordyceps) वर्गमा पर्ने अरु जीवाणुजस्तै हुने हुनाले यसलाई कोर्डिसेप्स सिनेन्सिस (Cordyceps Simensis) भनिएको छ (बोसी सन् २००३; झाङ र अरु सन् २०१२)

यो प्राकृतिक पैदावार हो, साथै जैविक अवशेष पनि । त्यसैले यसको उत्पादन र निर्यातको व्यवस्थापन- प्रणाली अरु वनपैदावार सरह नभई बढी चुनौतीपूर्ण हुने कुरामा ध्यान दिनु ठीक हुन्छ । बुटीको रुपमा प्रख्यात यार्चा नेपालका २० भन्दा बढी जिल्ला तथा भारत र भुटानका तिब्बतसँग जोडिएका भूभागमा भेटिन्छ । मात्रामा मात्र नभई गुणस्तरमा पनि नेपालमा पाइने यार्चालाई संसारमा अब्बल मानिन्छ । तर यसको प्रयोग प्रशोधन नेपालमा छिट्टै हुने सम्भावना छैन । अहिले यसको निर्यातबाटै संलग्न जनताले, कारोबारीहरुले र राज्यले कसरी बढीभन्दा बढी आम्दानी गर्ने ध्याउन्ना देखिन्छ । प्रारम्भिक अध्ययन अनुसार २५ जिल्लामा यार्चागुम्बा पाइने भए पनि १२ जिल्लाबाट मात्र व्यावसायिक स्तरमा उत्पादन हुन्छ । ती जिल्लाहरु डोल्पा, दार्चुला, रुकुम, बझाङ, जुम्ला, मुगु, मनाङ, म्याग्दी, गोरखा, धादिङ, सिन्धुपाल्चोक र संखुवासभा रहेका छन् (क्षेत्री २०७१) ।

तीन हजार मिटरभन्दा कम वा सोभन्दा माथि ५ हजार मिटरसम्मको उचाईभित्र पाइने कोर्डिसेप्स प्रजाति संसारभर ३५० भन्दा बढी अभिलेखित छन् । तर तिब्बती हिमाली क्षेत्रमा पाइने कोर्डिसेप्स सिनेन्सिसमा जस्तो उपयोगिता अरु प्रजातिमा पाइने विश्वास नभएकोले स्वास्थ्यवर्धक बुटीको रुपमा यार्चालाई रैथाने प्रजाति भन्न सकिन्छ । बजारमा पाइने अरु प्रजातिले कोर्डिसेप्स सिनेन्सिसको गुणस्तर नियन्त्रणलाई जटील बनाएको छ (ली, याङ र सिम्ब सन् २००६) ।

यार्चागम्बालाई संस्कृत भाषामा भूसंजीवनी भनिन्छ । झण्डै तीन हजार वर्ष पुरानो ग्रन्थ आत्रेय संहितामा यार्चागुम्बाको औषधीय गुणलाई सान्निपातिक वृक्क महाफिरंग भनी वर्णन गरिएको एकजना अनुसन्धाताले लेखेका छन् (श्रेष्ठ २०७०) ।

यसरी इतिहास शताब्दियौं पुरानो भए पनि यसको महत्व प्राय : बढेकै छ भन्ने कुरा यसको बर्सेनि उकालो लागेको मुल्यले देखाउँछ । अहिलेसम्म यार्चाको कृत्रिम उत्पादन हुन सकेको छैन । त्यसैले सीमित आपूर्ति (झाङ र अरु सन् २०१२) वा प्रयोगकर्ताको बढोत्तरी यि दुवै  कारणले मूल्य लगातार बढेको अनुमान गरिएको छ  (ली, याङ र सिम्ब सन् २००६) ।

विभिन्न लेख प्रतिवेदनमा प्रस्तुत गरिएअनुसार मुटु तथा मिगौंला रोग, क्यान्सर आदि निदानका लागि (ग्ओ र याङ्ग सन् १९९९; हलिडे र क्लिवर सन् २००८) ; बुढ्यौलिविरुद्ध (क्यो र अरु सन् २००१ र रोगप्रतिरोधी क्षमता बढाउन (क्यो र अरु सन् २००५) यार्चाको बजार विश्लेषणसम्बन्धी लेखमा उपयोगिताको लामो विवरण दिएका छन् । नेपालमा यार्चाको ख्याति भने यौनबर्द्धक पदार्थमो रुपमा छ ।

यसका असली प्रयोगकर्ता चीनियाँहरु हुन् । यार्चागुम्बाको वर्तमान उपयोगिता र मागको आधार चीनियाँ पारम्परिक औषधीप्रणाली  हो । तर यसको प्रभावकारिताबारे उनीहरुलाई पनि सन्देह छ । एकजना चीनियाँ मानवशास्त्रीले धेरै जना प्रयोगकर्ताले उल्टो उनैसित त्यसको प्रभावकारिताबारे जिज्ञासा राखेको लेखेका छन् । (याक्वन सन् २०११) । औषधी प्रणालीभित्र प्रभावकारिता भन्ने कुरा एउटा विश्वासको खेल हो (मेय्नार्ड र ब्लूर सन् २००३) र अरु खाले विश्वासजस्तै  यो पनि एउटा समाज-निर्मित मात्र हो (वेबर र कार्टर सन् २००३) ।

यार्चाको माग पनि त्यसको प्रभावकारिताको विश्वास अडेको छ । त्यो आस्थालाई बजारमा विज्ञापन र सूचना सन्देशले, तथा पुस्तान्तरण हुने धर्म-राजनीतिक विचारधाराले आकृत गर्नसक्ने हुनाले यार्चाको माग र मूल्य कहिल्यै घटबढ हुँदैन भन्ने कुरा रहेन ।

लेक (पाटन) गएर यार्चा टिप्नुलाई स्थानीय भाषामा किरा टिप्ने, जीवनबुटी वा च्याउ टिप्ने भनिन्छ । यार्चा टिप्ने समय वर्षमा एकपटक मात्र हुन्छ । झण्डै जेठ महिनाको शुरुदेखि असारको अन्तिमसम्म गरी अधिकतम् दुई महिनाको अवधि यार्चागुम्बा संकलन गर्ने समय हो ।

आफ्नो जीवनचक्रमा यार्चागुम्बा बिरुवा बन्ने कालखण्ड यसै बेला हो । यतिखेर यार्चा टिप्न वा खोज्न सम्भव हुन्छ । पाटनको हिउँ पग्लिएको हुन्छ । तर समुद्रबाट मनसुन पूर्वी हिमालय क्षेत्रतिरबाट भित्रिने समय पनि यही हो । यसरी यार्चागुम्बा खोज्ने  र टिप्ने काम अलिक होचोमा वर्षा र उचाइमा हिमपातको दुःसाध्य मौसमबीच गर्नुपर्ने हुन्छ ।

टिप्न जानेहरुको घनत्व बढ्दै गएपछि र यार्चा कम भेटिन थालेपछि सिजन छोट्टिएर एक महिनामै सकिन थालेको छ । जति सिजन छोट्टिन्छ, यार्चा संकलन कार्य उति सघन, प्रतिस्पर्धात्मक र जोखिमयुक्त हुँदै जान्छ । माथि भनिए झैँ यार्चाको जमिनबाहिर देखिने सानो भाग बढीमा २-४ सेन्टिमिटरसम्म मात्र हुन्छ । पाइने ठाउँ बाँझो पाखो भए पनि त्यहाँ अरु झारपतङ्ग सिन उत्तिकै हुन्छ । कुनै एक ठाउँमा एउटा यार्चा पाएपछि त्यही ठाउँमा अरु धेरै उम्रेका हुन्छन् भन्न सकिँदैन । अघिल्लो दिन कुनै ठाउँमा एउटै नपाए पनि अर्को दिन त्यही ठाउँमा धेरै भेट्टिन सक्छ ।

यसरी यार्चा उपलब्ध हुने कुरा अनिश्चित छँदैछ, सबै सङ्लनका हातमा यार्चा पर्लान् भन्ने पनि छैन । यार्चाको उब्जाउ र बाली दुवै अनिश्चित भउका हुनाले त्यसमा लगानी गर्ने र त्यसबाट आम्दानीको आश गर्ने दुवैले लगानीको प्रतिफल सुनिश्चित गर्न केहि अर्थ-इतर रणनीति अपनाएका हुन्छन् ।

यार्चा सङ्कलन शारीरिक रुपले कष्टसाध्य हुन्छ । यार्चा खोज्ने मानिस स्थिर र चलायामान दुवै हुनु जरुरी हुन्छ । उसले लम्पसार परेर घुँडाले वा कहिनोले टेकेर यार्चाको कलेजी रंगको टुप्पो खोज्छ र ठम्याउँछ ।

त्यसपछि उसको कुटो, चक्कु वा बलियो लौरीको तीखो भागले उम्रेको भाग र जरा दुबैलाई असर नपर्ने गरी यार्चालाई बीचमा पारेर छेउछाउको माटो कोतार्दै जान्छ । सिंगा माटोको ढिक्कालाई उल्टाउँछ । माटोको बीचमा पारेर छेउछाउको माटो कोतर्दै जान्छ । सिंगो माटोको ढिक्कालाई उल्टाउँछ ।

माटोको ढिक्कासँगै किरा पनि उल्टिन्छ । जरा-किरालाई सावधानीपूर्वक समातोर आफूतिर तान्छ । यसो गर्दा किरा र त्यसको टाउकोबाट उम्रेको भाग दुइटै निस्कनु पर्छ । उम्रेको भागतिरबाट पनि निकाल्दा भाँच्चिने सम्भावना हुन्छ । यो काममा धेरै समय लाग्छ । जमिनमा निस्केको डाँठ नभएको

किराको मोल सस्तो छ । भाँचिएको कुचिएको यार्चा कमजोर हुन्छ भनेर किन्नेले बजारभाउभन्दा कम मात्र मूल्य दिन्छन् । किन्नेलाई सिङसहित भए प्राकृतिक हो भन्ने शंका गर्ने ठाउँ रहँदैन । खाँदा च्याउको स्वाद मिल्छ भनेर डाँठसहित किराको मोल बढी पर्न गएको पनि भनिन्छ ।

यार्चा सङ्कलनमा परेको यो श्रम र समयको मूल्य एकातिर छँदैछ । शारीरिक र मानसिक जोखिम थेग्नुपर्ने बाध्यताको कुरालाई पनि यार्चा कारोबारको अर्थराजनीतिको बहसमा छुटाउन मिल्दैन । भुँइमा निहुरिने र आँखा तेजिलो हुँदा यार्चा झट्ट देखिने विश्वासले गर्दा बुद्धबृद्धाभन्दा केटाकेटी उपयुक्त सङ्कलन हुने विश्वासले यार्चा सङ्कलनमा बालबालिकाको प्रयोग बढी छ ।त्यसबाहेक मानिसैले सङ्कलन गर्नुपर्ने हुनाले आफ्नो सङ्कलनमाथि निरन्तर दबाबको वातावरण बनाएका हुन्छन् । यो दबाब मनोवैज्ञानिक र अर्थराजनीतिक दुवैखाले हुन्छ । प्रत्यक्ष र परिवेशजन्य दुवै  किसिमको पनि हुन्छ । यस विषयमा बढी कुरा तल परेका छन् (चलाउने,२०७३) ।

(घ).**दलितको अर्थसम्बन्धि विभिन्न व्यक्तिहरुको टिप्पणी**

जात व्यवस्थाभित्र समाजको पिँधमा रहेको वर्गीय रुपमा, धार्मिक सांस्कृतिक रुपमा बहिष्कृत र पानी अचल समेत बनाएका जातहरुको साझा परिचयका रुपमा प्रयोग हुँदै आएको शब्द हो दलित । दलित, यी जातहरुको आर्थिक, राजनीतिक र सांस्कृतिक अवस्थाको नाम हो । त्यस्तो अवस्थामा रहेको समुदाय हो । दलित जात (Caste) होइन र जाति (nation) पनि होइन (आहुति, २०७७) ।

भारतमा अंग्रेजको शासन हुँदा सन् १९३० पछि राज्यले आजको दलितलाई अप्रेस्ड क्लासेज (Oppressed classes) भन्ने शब्द प्रयोग गरेको थियो । जसको अर्थ उत्पीडित वर्ग भन्ने लगाउत सकिन्छ । त्यति बेलासम्म भारतीय समाजमा तल्लो जात वा अछुत भनी आजका दलितलाई आम समाजमा सम्बोधन गरिन्थ्यो । नेपालमा पनि २०२४ सालभन्दा अगाडि आजका दलितलाई अछुत, तल्लो जात, पानी अचल, पौनी आदि अपमान जनक शब्दद्वारा नै सम्बोधन गरिन्थ्यो, बुझिन्थ्यो । भारतको महाराष्ट्रमा ज्योतिबा फुले (ज्योतरिाख गोविन्दराब फुले, सन् १८२७-१९९०) नामका महात्मा कहलिएका समाजमा समाज सुधारक थिए । उनले त्यतिबेलाका कथित अछुत र महिलाका निम्ति समाज सुधारका सम्बन्धमा कतै सुधारवादी कदम चालेका थिए । विभिन्न विद्वान् उनले नै सबैभन्दा पहिले कथित अछुतलाई दलित सम्बोधन गरेका हुन भन्ने मान्दछन् । (आहुति, २०७७) ।

दलित जाति संग जातपातका आधारमा यिनीहरु संग भात,पानी बार्ने,विवाह नगर्ने, घर भित्र पस्न रोक लगाउने गरेको पाइन्छ । हिन्दु वर्णव्यवस्थामा नपरेका मंगोल समुदायका जनजातिले पनि तल्ला जातलाई उस्तै किसिमको छुवाछुतको व्यावहार गर्दै आएका छन । यसरी हिन्दु समाजको उच्च जातबाट सिर्जना गरिएको वर्णव्यवस्थामा छुत अछुतको भेदभाव गर्ने गरेको पाईन्छ । त्यसले गर्दा अछुत पारिएकाहरु सामाजिक एबंम आर्थिक रुपले पछाडि परेको देखिन्छ । यद्दपि दलित समुदायहरुको सांगठिनिक प्रयासले आन्तरिक बाह्य भेदभाव र छुवाछुतको बिरोधि अभियान अघि बढ्न थालेको छ । यसरी अछुतकै तहमा भएको भेदभावको स्थितिलाई दलित,उत्पिडित समुदायहरुको समानताको आनदोलनले एकअर्कामा भेदभावको कमि गराएको छ । जसले गर्दा अछुत जातिहरुबिच सहभोज हुन थालेको छ । (विश्वकर्मा,२०६०:)

नेपालको संविधान २०६३ मा जातपातको आधारमा कसैलाई पनि कुनै कुरामा भेदभाव गर्न पाईने छैन । यदि त्यसो गरेमा कानुन वमोजिम दण्डनिय हुनेछ । (नेपालको अन्तरिम संविधान , २०६३ )

**(ङ) दलित समुदायको स्थिति, संख्या र प्रतिनिधित्व**

२०४८ को जनगणनामा नेपालका दलित समुदायको संख्या करिब २३ लाख देखाएको छ, तर त्यो तथ्याङ्कले सम्पूर्ण दलितको संख्या ल्याउन सकेन । त्यसो हुनुमा चार वटा कारणले काम गरे । पहिलो, उक्त सरकारी प्रतिवेदनमा कुल जनसंख्याको ५.६ प्रतिशत रहेको नेवार जाति भित्रका दलितलाई दलितका रुपमा गन्तिनै नगरिएको स्वीकारियो । दोस्रो, तराई मधेशका कयौँ दलितभित्र पर्ने जातलाई दलितको संख्या भित्र राखिएन । तेस्रो, दलित समुदायलााई पहिले देखि उनीहरुको थर गोत्र लेख्न नलिई जात लेख्न बाध्य पारिएकोले अधिकांश माथिल्लो जातका गणकलाई दलितको थर गोत्र लेख्न तर २०४६ साल पछि चेतनामा वृद्धि भै दलितहरुले आफ्नो नामको पछाडि थर गोत्र लेख्न थाले । जनगणनामा कुनै दलित परिवारले आफ्नो थर गोत्र लेखाउँदा गणकहरुले उनीहरुलाई अन्य उच्च जातमा राखेका छन् । त्यसैले वास्तवमा गैर सरकारी प्रतिवेदनहरुका आधारमा नेपालका दलितहरुको संख्या ४५ लाखको हाराहारीमा रहेको भनिएको छ । (विश्वकर्मा, २००१, मल्ल र विश्वर्मा, २००२) ।

नेपालमा सवर्ण समाज वा छुवाछुत युक्त वर्णव्यवस्था कायम भएका तिन वटा समुदाय छन् । वागमती उपत्यका र देशभरि छरिएका नौ र हिन्दु धर्मीय नेपाल भाषा (नेवार भाषी) बोली नेवार समुदाय, आज सत्ताधारी जातिका रुपमा स्थापित नेपाली भाषी हिन्दु धर्मिय आर्य खस समुदाय अनी

नेपालको तराई क्षेत्रमा मैथली र विभिन्न भाषा बोल्ने हिन्दु धर्मीय मधेशी समुदाय, आर्य खास जातिय अहङ्कारवादी, सामन्तीवादी राज्यसत्ता कायम भएपछि नेपालका अन्य अधिकांश जनजातिले पनि आफूभित्र वर्णव्यवस्था नभए पनि उल्लेखित तिन समुदाय भित्रका दलितलाई भने जातपात छुवाछुतको भेदभाव गर्दछन् (आहुति, २०६७)

नेपालमा दलितको साक्षरता दर सरदर १०.७ प्रतिशत छ । त्यसभित्र पनि दलित महिलाको साक्षरता सरदर ३.२ छ । यद्यपि सम्पूर्ण नेपालीको साक्षरतादर ४८ रहेको छ । एसएलसीमा सहभागिता १.५ प्रमाणपत्र तहसम्म १ र स्नातक तहमा ०.६ प्रतिशत छ । यस तथ्याङ्कमा पनि पहाड र वागमती उपत्यकाको तथ्याङ्कको बढी भाग छ । तराईका दलितको मात्र स्थिति हेर्ने हो भने स्थिति अत्यन्त खराब छ । फिल्म क्षेत्रमा नेपाल एक जना पनि निर्देशक छैन । दुई जना दलित निर्देशक छन् । ती पनि नेपाल मूलका भारतीय हुन् । साहित्यमा नेपाल र भारतका (नेपाली मूलका) गरी मुस्किलले बाह्र जनाजाति दलित स्थापित छन् । नेपाली समाजको कला क्षेत्र मात्रै एउटा क्षेत्र छ, जहाँ दलितको उपस्थिति सामान्य तथा ठिकै छ । यसो हुनुका पछाडि दुई कारण छन् । एक, राणाकालमा दरबारमा गीत गाउने थुप्रै नेवार दलित थिए र सरकारी ब्यान्डमा कार्यरत थिए । त्यति बेला अरु उच्च जातकाले गाउने नाँच्ने चलनलाई हेलाको दृष्टिले हेरिन्थ्यो । त्यसैले सेना र प्रहरिमा व्याण्ड स्थापना गर्न परम्परागत रुपमै बजाउने पेसाका दलितलाई समावेश नगरी काम चल्दैनथ्यो । दोस्रो, आर्य-खस समुदायका दलित सङ्गीतकार र गथाकाव्य मूलतः भारतको दार्जिलिङबाट भित्रिएका हुन् । केही नेपाल भित्रकै पनि रहेका छन् (आहुति, २०६७)

## २) सैद्धान्तिक समीक्षा

डोर बहादुर विष्ट (२०३५) ले नेपालका विभिन्न जातजाति, जनजातिहरुको आर्थिक एवम् सामाजिक अवस्थाको बारेमा सामान्य रुपरेखा प्रस्तुत गरेका छन् । उनले जातजाति एवम् जनजातिहरुको अध्ययन एवम् उनीहरुको अवस्थाको बारेमा खोज गर्दै जाँदा दलित समुदायभित्र पर्ने कामी जातिहरुको आर्थिक एवम् सामाजिक जीवन एकदमै निन्दनिय भएको बताएका छन् । उनले हिन्दु वर्णव्यवस्थाको कारण तल्लो पिँधमा परेकोले कामी समुदायका मानिसहरुको अवस्था झनझन तल खस्किँदै गएको बताएका छन् । उनले (People of Nepal) पुस्तकमा दलितहरुको अवस्थाको बारेमा पनि मुख्यतया यिनै कुराहरु गरेका छन् ।

यसरी विष्टको नेपाली जाति तथा जनजाति एवम् पिछडिएका दलित समुदायहरुको अवस्थाको बारेमा कुरा गर्दा यो कुरा छर्लङ्ग हुन्छ कि नेपालको इतिहास एवम् विभिन्न कालखण्डमा दलित समुदाय राज्यका विभिन्न कुराहरुबाट सधैँ पछाडि परेका छन् । यिनीहरुलाई सधैँ गैरदलित एवम् राज्य सत्ताको अहोदामा बसेका प्रतिनिधिहरुले पनि सबै तरिकाबाट बहिष्करण गरेको देखिन्छ । त्यसले गर्दा अहिलेको समयसम्म आई पुग्दा पनि उनीहरुको जीवन सबै तरिकाबाट दयनीय नै रहेको देखिन्छ ।

चैतन्य मिश्र (२०६७) लेख्छन् 'एउटा दलित नागरिक होकि ,अर्ध नागरिक

वा रैति हो ?

उत्पादनको साधन जस्को हातमा रहन्छ उसैले समाजमा अधिपत्य जमाउछ, राज्यको सच्चा शासक उहि वर्ग हुन जान्छ र उहि वर्गको शोषण अधिपत्य र शासन रहने वर्गिय समाजको विकाश हुन्छ । (ओझा,२०७३)

उत्पादनका साधनहरुका मालिक र श्रमिक वर्ग जस्ले आफ्नो जिवीकोपार्जनको लागि श्रम गर्छन ति नै समाजका वर्गहरु हुन । यी दुई वर्ग बिचको सम्बन्ध केवल प्रभुत्वशाली र कम्जोरको रुपमा नभएर शोषण र शोषितको रुपमा पनि रहेको छ ।

(ओझा,२०७३)

पुजिबादनै यस्तो व्यवस्था हो जसमा चरम शोषणका साथै वर्गिय धुर्विकरण चरम हुने गर्दछ । (ओझा,२०७३)

मार्क्स र ऐंगेल्सले कम्युनिष्टको घोषणपत्रमा आजको सम्पुर्ण समाजको ईतिहाँस भनेको नै वर्ग संर्घषको इतिहाँस हो भनेर उल्लेख गरेको छन । (उपाध्य,सिग्देल,२०७१ )

शोषण वर्गले उत्पादनका साधनहरु आफ्नो अधिनमा राख्दछन् र समाजका सम्पुर्ण अंगहरुमा आफ्नो प्रभुत्व जमाउने गर्छन । जसले गर्दा वर्गहरु विच वर्गिय धुर्विकरण तिव्र हुन्छ । अतिरिक्त मुल्यमा मजदुर वर्गको कुनै अंश नहुने हुदा तिनीहरु विस्तारै कंगाल हुन पुग्दछन र शिनताको भावना सिर्जना हुन जान्छ । (थापा,२०७४ )

राज्य यस्तो रुप हो जस्ले शाषक वर्गका व्यक्तिहरुको  साझाँ हितको परिपुर्ति गर्छ । राज्य वर्गिय दमनको हतियार हो र पुजिपति वर्गले मज्दुर वर्गको शोषणका लागि यस्को उपयोग गर्दछन । ( ओझा,२०७३)

भारतका प्रसिद्ध नेता समाज सुधारक डा.भिमराव अम्बेडकरले स्न १९७२ मा अछुत जाति सबै जातिलाई समिष्टगत रुपमा दलित शब्दको प्रयोग गर्न थालिएको हो । हाल आएर सोहि शब्दनै सम्रग दलित जातिको चिनारीको शब्द बनेको हो । (पाण्डे,२०५४ )

जतिय प्रथाको ईतिहाँस हेर्दा करिब ३००० वर्ष अगाडि मौलाउदै आएको यस प्रथाले पृथ्वीनारायण शाहाको पालामा व्यापकता पाएको हो । जातिय वर्गिकरण र लैंगिक हिसाबले दतित पिडित छन । ( कोइराला, २०५८ )

कुनै समयमा मानिसहरुमा जातिय विभेद थिएन । सबै समान थिए । धार्मिक ग्रन्थमा जातिय प्रथा मानव जातिको सृष्टिको शुरुवात संगै प्रारम्भ भएको मान्दछन् । शास्त्रीय ग्रन्थ र ऐतिहाँसिक ग्रन्थहरु गहन विश्लेषण गर्दा वास्तविकता यस्तो थिएन । भारतिय उपमहाद्धिमा जातपात प्रथा थिएन पछि भएको हो ।  (प्रश्रीत , २०५८ )

**३) बहिष्करणका सिद्धान्तहरु**

अधिकारहरु जात अनुसार असमान र निश्चित मात्र छैनन् जातको स्तर अनुसार श्रेणिकृत पनि छन । यस बाहेक केहि पेसा वा आर्थिक क्रियाकलाप माथिल्लो स्तरका ठानिन्छन् भने केहि लाई तल्लो स्तरका । यसबाट पवित्र र अपवित्र भन्ने कलङ्मा आधारित श्रेणिबद्ध संरचनालाई पालन पोषण गरिन्छ । (थोराट, २०१२ )

जातले समाजिक बहिष्करण को व्यावस्थालाई पनि मलजल गर्छ । यस्तो व्ययस्थालाई समाजिक तथा आर्थिक बहिष्करण लगाएत अनेकौ समाजिक र आर्थिक सजायका प्रावधान राखेर लागु गर्ने र कायम राख्ने गरिन्छ । (थोराट, २०१२ )

डा. बाबासाहेब अम्बेडकर : राइटिङ्स एण्ड स्पिचेज् १९८७ , भोल्युम ३ को द हिन्दु सोसल अर्डर इट्स इसेन्सियल फिचर्स ) । जात व्यवस्थाले व्यक्तिका क्षमता , रोजाई र झुकाबलाई कुनै ठाँउ दिदैन । समाजिक तथा आर्थिक खण्डिकरण कट्रता मात्रै होईन , एकल्याउने र बहिष्करण गर्ने चरित्रमा पनि आधारति छ । (थोराट, २०१२ )

जातप्रथाअन्तरर्गत , खास गरि उच्च जात र वञ्चितीमा परेका तल्ला वा अछुत जात बिचको आर्थिक सम्बन्धको कुरा गर्दा हिन्दु समाज व्यवस्थाले वञ्चितीमा परेका जातलाई दासका रुपमा लिएको छ । अमबेडकरको बिचारमा दास हुनु भनेको त्यस्तो व्यक्ति हुनु हो , जसले अर्काको हितको लागि आफ्नो व्यवहारलाई नियन्त्रण गर्छ । (थोराट,२०१२)

जात व्यवस्था, राजनितिक दृष्टिले यो अछुतहरु माथिको उत्पिडनको स्रोत र स्वयममा आलोकतान्त्रिक मात्र होईन, यो लोकतान्त्रिक एकता वा राष्टिय एकिकरण प्राप्त गर्ने बाटाको तगारो पनि हो । जातले जनताको संगठनमा अवरोध पैदा गर्‍यो , एकतामा अवरोध पैदा गर्‍यो र देशको अग्रगमनमा अवरोध पैदा गयो । आर्थिक दृष्टिले जातले पूर्वनिर्धारित जिवनशैलिलाई स्वीकार गर्ने मानसिकतालाई पुठ दिएर तथा नवीनतालाई हतोत्साहित गरेर जनसमुहलाई उनिहरुको आर्थिक भुमिकाको सर्न्दभमा खण्डित तुल्याउदै वृद्धिदरमा रुकावट पैदा गर्‍यो । (ओम्वेट,२०१२ )

४) **निष्कर्ष**

विभिन्न विद्वान्हरुको कथनबाट विभिन्न जातजाति, जनजाति, दलितहरुको बारेमा लेखिएका, बोलिएका मुद्दाहरु सुनियो, पढियो, नेपालको संवैधानिक कालखण्डमा दलित एवम् पिछडिएका अथवा अछुत भनिएका जातिहरुको बारेमा विभिन्न ऐन कानुन बनाइयो । दलितहरुको मुद्दा एवम् हकअधिकारमा विभिन्न आन्दोलनहरु भए ,केही हदसम्म सफल पनि भए । दलितका बारेमा विभिन्न पुस्तकहरु छपाइ पुस्तकको व्यापार पनि गरियो तर जुन ठाउँमा बसोबास गर्ने दलितहरुको हक अधिकारको बारेमा लेखिनु पर्ने हो त्यो भएन । यद्यपि समग्र दलितहरुको बारेमा चै लेखिएको छ । ऐन कानुन बनाएको छ । तर सुदूर नेपाल दार्चुला जिल्लाको अपिहिमाल गाउँपालिकामा बस्ने दलित समुदाय कसरी त्यहाँको सामाजिक एवम् आर्थिक अवस्थामा पछि पारिएको छ ?

संविधानमा जुनसुकै जातको मानिसहरुले सामाजिक एवम् सार्वजनिक स्थलमा स्वतन्त्र भएर जान पाउने कुरा भएनि किन त्यहाँको दलितहरु व्यक्तिगत एवम सामजिक स्वतन्त्रताबाट वञ्चित छन् एवम् जान रोक लगाएको छ भन्ने समस्यामा कसैले पनि खोज एवम् अनुसन्धान गरिएको देखिँदैन । त्यसैले मेरो सोधपत्रको मुख्य उद्देश्य उक्त अपि हिमालमा बस्दै आएका दलित समुदायहरु जातकै कारण समाजका विभिन्न उपभोग्य बस्तुको उपभोग गर्न बाट बन्चित भएका छन भन्ने बारेमा रहेको छ ।

## अध्याय - तीन : अध्ययन पद्धति

कुनै पनि अनुसन्धान गर्नुभन्दा अगाडि अनुसन्धानसँग सम्बन्धित विभिन्न कुराहरुमा राम्रोसँग ध्यान पुऱ्याउनु पर्दछ । अध्ययन एवम् अनुसन्धान गर्दा विभिन्न विधिहरुको उल्लेखनीय भूमिका रहन्छ । त्यसका लागि अथवा अध्ययनको लक्ष्य प्राप्तिका लागि के कस्ता विधिहरु अपनाउनु पर्दछ । कस्ता अध्ययनको पद्धतिद्वारा प्राप्त गर्न सकिन्छ भन्ने कुरामा मुख्य जोड दिनुपर्दछ । तसर्थ यस प्रस्तावनाका लागि निम्न अनुसन्धान पद्धतिहरु अपनाउन सकिन्छ ।

### १) अध्ययनको क्षेत्र

यस शोधपत्रको अनुसन्धानको लागि मैले दार्चुला जिल्ला अपि हिमाल गाउँपालिकाको वार्ड नं. ४ लाई चुनेको छु । अपि हिमालको वार्ड नं. ४ छान्नुको कारण अथवा अध्ययनको क्षेत्र छनोट गर्नाका कारण २०६३ सालको संविधानले भेदभाव , छुवाछुत तथा सार्वजनिक क्षेत्रमा बहिष्कार संबन्धी अपराधको अन्त्य गरेको घोषणा गरे तापनि अहिलेसम्म उक्त अपि हिमालमा बस्ने दलित समुदायलाई सामाजिक अवस्थामा बहिष्करण गर्नुको कारण खोज्न ।

### २) अनुसन्धानको ढाँचा

कुनै पनि विषयको अध्ययन एवम् अनुसन्धान गर्नका लागि विभिन्न विधिहरुको प्रयोग गर्नुपर्दछ । त्यसैले मैले आफ्नो अनुसन्धानको विधिका रुपमा वर्णनात्मक विधिलाई प्रयोग गरेको छु । किनभने उक्त अपि हिमाल गाउँपालिकामा बस्ने दलित समुदायको व्यावहारिक जीवनशैली, सभ्यता, संस्कृति र समाजको मुखमा अछुत एवम् दलित भएर वाच्नु पर्दा आइपरेको दुःख एवम् समस्याहरुको अध्ययनको लागि संख्यात्मक र व्याख्यात्मक विधिको आवश्यकता पर्दछ । त्यसैले मैले आफ्नो अनुसन्धान ढाँचाको विधिको रुपमा संख्यात्मक र व्याख्यात्मक दुबै विधिको प्रयोग गरेको छु ।

### ३) नमुना छनोट

यस शोधपत्रको क्षेत्र छनोटका लागि मैले सुदूरपश्चिम दार्चुला जिल्लाको अपि हिमाल गाउँपालिका वार्ड नं. ४ लाई छानेको छु । नमुना छनोटका लागि उक्त क्षेत्रमा बस्दै आएका १७ घर बाट दुई दुई जना दलित पूरुष र महिलाहरुबाट फरक फरक उमेरका ३४ जनालाई छानेर अन्तवार्ता र अवलोकन विधिबाट अनुसन्धान गरेको छु ।

नमुना छनोटको लागि अन्तवार्ता र अवलोकन विधि छान्नुको कारण कुनै पनि समुदाय एवंम समाजको अध्ययन गर्नका लागि घटक अध्ययनको आवश्यकता पर्दछ र सो घटक अध्ययन सफल पार्नको लागि अन्तवार्ता र अवलोकन विधिको आवश्यकता पर्ने भएकोले मैले यि बिधिको साहयताले अनुसन्धान गरेको हु ।

**४) तथ्याङ्कको प्रकृति र स्रोतहरु**

कुनै पनि शोधकार्य पूरा गर्नको लागि आफूलाई त्यससँग सम्बन्धित तथ्याङ्कको संकलन गर्नुपर्ने भएकोले सामान्यतया त्यस क्षेत्र एवम् समुदायको अध्ययन प्राथमिक स्रोत वा लिएको तथ्याङ्कको आधारमा गरेको छु । प्राथमिक तथ्याङ्क संकलन गर्ने क्रममा प्रश्नावली तयार पारी उक्त प्रश्नावलीकै आधारमा प्रत्येक घरका अभिभावकहरुलाई समेटेर उनिहरु मध्येबाट गोलापर्था गराएर चुनिएका पूरुष र महिलाहरुबाट अन्तर्वार्ताको माध्यमबाट तथ्याङ्क संकलन गरेको छु ।

**५) तथ्याङक संकलन बिधि**

कुनै पनि विषयको अध्ययन र अनुसन्धानमा तथ्याङ्क संकलन विधिको ठुलो भुमिका रहन्छ । अध्ययनको आशातित परिणाम पनि तथ्याङ्क संकलन विधिमा रहन्छ । अध्ययनलाई पुर्णता दिनका लागि पनि तथ्याङ्क संकलन आवश्यक छ । त्यस कारण प्राथमिक तथ्याङ्क संकलनका लागि निम्न लिखित विधिहरु अपनाएको छ ।

**क) अन्तर्वार्ता**

यस शोधमा जातिय बहिष्कणले दलित समुदायमा कस्तो खालको असर परेको छ ? त्यस अध्ययनको लागि असंरचित अन्तवार्ता विधि उत्तम हुने भएकाले मैले असंरचित अन्तर्वार्ता विधिको पूर्ण रुपमा प्रयोग गरेको छु । यसका लागि अपि हिमाल गाउँपालिकाको वार्ड नं. ४ मा बस्ने दलित समुदायमा जान्ने सुन्ने व्यक्तिहरुलाई आफै भौतिक रुपमा उपस्थित भई अन्तवार्ता गरेको छु । उमेर पाकेका व्यक्तिबाट यो सम्पूर्ण खोजको अध्ययन पूरा गर्न नसकिने भएकोले केही युवाहरुलाई पनि समावेश गरेर तिनीहरुको अन्तर्वार्ता गरेको छु ।

अन्तर्वार्तामा २०६३ सालको संविधानले दलितलाई कुनै पनि किसिमको जातिय भेदभाव एवंम बहिष्कार गर्न पाइने छैन । दलित भनी अछुत भनिएको समुदायका मानिसहरुले स्वतन्त्र रुपमा सामुदायिक एवम् सार्वजनिक ठाउँमा सजिलै सहभागी हुन पाइने छ । जुनसुकै सार्वजनिक क्षेत्रमा पाइने सम्पूर्ण उपभोग्य वस्तुहरुमा सजिलै उसको स्वामित्व रहनेछ भनी घोषणा गर्दा पनि अहिलेसम्म उक्त हिमाली क्षेत्रमा बस्ने दलित समुदायलााई यार्चागुम्बा जस्तो बहुमूल्य जडिबुटीको उपभोग एवम् संकलनमा केही ठाउँमा किन अझैसम्म पनि जान निषेध गरिएको छ भन्ने बारेमा उक्त दलित समुदायका व्यक्तिहरुलाँई गहन रुपमा सोधेको छु ।

उक्त क्षेत्रमा जान बन्चित गरेको कारण दलित समुदायको आर्थिक एवम् सामाजिक जीवनमा स्थिति कस्तो प्रभाव परेको रहेछ । साथै सरकारले दलित समुदायको उत्थान एवम् विकासका लागि जातिय बहिष्कणर अन्त्य संबन्धि घोषणा एवम् कार्यक्रमहरु उक्त दलित समुदायमा पुगेको छकि छैन भनी यस बारेमा गहन छलफल गरेको छु ।

**ख) अवलोकन**

अपि हिमाल गाँउपालिका ४ दार्चुलाका दलितहरुलाई जातियताको आधारमा समाजका विभिन क्षेत्रहरुमा बहिष्कार गर्दै आएका कारण उनिहरुको आर्थिक एवंम सामाजिक अवस्था कसरी खस्किरहेको छ भन्ने कुरा बुझ्न अवलोकन विधि अपनाएको छु ।

यस कममा उक्त क्षेत्रमा बसाबास गर्ने दलित समुदायको जातिको संरचना, बसोबासको स्थिति , सामाजिक एवंम आर्थिक क्षेत्रमा उनिहरुको भुमिका आदि कस्तो रहेको छ ? एवंम कानुनि रुपमा जातिय बहिष्कार गर्न नहुने भनिएता पनि उनिहरुलाई कसरि बहिष्कार गर्दै आएका छन ?साथै यार्चा गुम्बा जस्तो बहुमुल्य जडिबुडि संकलनमा बहिष्कृ भएका कारण उनिहरुको आर्थिक अवस्था कस्तो भएको छ भन्ने बारेमा यस विधि द्धारा अवलोकन गरेको छु ।

## अध्याय चार : अध्ययन क्षेत्रको समस्याको कारण ,भौगोलिक स्थिति र सामाजिक तथा आर्थिक अवस्था

### अनुसन्धानको कममा देखिएका समस्याका कारणहरु

### (१) दलित समुदायलाई उक्त क्षेत्रमा यार्सागुम्बा संकलन गर्नमा गैर दलितहरुले रोक लगाउनुको कारण के हो ?

मनुस्मृतिको हिन्दु वर्ण व्यवस्थामा आधारित जुन जात व्यवस्था थियो । त्यसमा मान्छेलाई काम अनुसारको जात तोकिएको थियो । जसमा ब्राहमण कुलमा जन्मे पनि यदि उसमा शुद्र जातिलाई तोकेको काम गर्ने क्षमता वा आचरण छ भने उसलाई शुद्रमा राखिन्थ्यो । त्यसतै शुद्र कुलमा जन्मेको व्यक्तिमा ब्राहमणमा हुनु पर्ने गुण छ भने उ सोतः ब्राहमण हुन सक्थ्यो । यसबाट के निष्कर्षमा पुगिन्छ भने जात ठुलो अथवा सानो हुने कुरा उसमा भएको क्षमताको आधारमा तोकिन्थ्यो अथवा कुन व्यक्ति कस्तो जातमा राख्ने भन्ने कुरा उसको जन्ममा होईन कर्मले तोक्ने गर्थ्यो । जुन व्याक्ति संग बेदको ज्ञान हुन्थ्यो उहि ब्राहमण कहलिन्थ्यो । त्यो समाजमा अथावा उबेलाको समाजमा जातिहरुको सोपानिकरण त्यस तरिकाले गरिन्थ्यो ।

हुन त नेपाल लगाएत दक्षिण एसियामा पर्ने भारत ,पाकिस्तान,श्रिलङ्का ,नेपाल र बङ्गलादेश अथवा हिन्दु धर्म जहाँ सम्म फैलिएको थियो ,त्यहाँ जाथ व्यवस्था पनि उतिकैरुपमा फैलिएको थियो र अहिले पनि छ । प्राचिन कालमा माथि भनिए जस्तै कर्मको आधारमा जातको सोपानिकरणको विकाश हुन्थ्यो भने अहिलेको समयमा भनौ या जब १९१० मा नेपालका कुर शाषक जंगबहादुरले मुलुकि ऐन मार्फत जातलाई जन्मको आधारमा सोपानिकरण गरे त्यहि बाट जातिय व्यवस्थाको जरा मौलाएको देखिन्छ । त्यहि समयबाट कर्मलाई हटाएर जन्मको आधारमा कामको बाँडफाड भएको देखिन्छ । जसमा ब्राहमण कुलमा जन्मेकोले बेद पढ्ने र प्रोत्याँइ गर्दै हिड्ने, क्षेत्रीले सिमाको सुरक्षा गर्ने ,बैष्यले व्यापार व्यावसाय गर्ने र ठुला जातिहरुको सेवा गर्ने र शुद्रले निजि सम्पति राख्न नपाईने , ठुला जातले दिएको जुँठो खाने,झाम्रो लगाउने , ठुलाको रैति,कमैँया र हलिया भएर जिवन बाँच्ने र निशुल्करुपमा उनिहरुको सेवा गर्ने ।

यसले गर्दा अथवा समाजको व्यवस्था यसरी परिवर्तन हुदा एउटै युग र परीवेशमा जन्मेका मानिसहरु बिच जातको कारण कोहि जन्मसिद्द ठुलो हुने, टाठाँ बाठाँ हुने र कोहि जन्मकै कारण जात सानो हुने अथवा मानिस भएर पनि अमानिस हुने , एक प्रकारले दास नै हुने भयो । यसले गर्दा

समाजको संरचनामा ठुलो खालको वर्गिय तलाउ हुन गयो । र यसरी शाषक र शाषित वर्ग गरि मानविय समाज दुईटा धुर्वमा धुर्विकरण हुन पुग्यो ।

समयको परिवर्तन संगै विधिन्न क्रान्तिहरु भए । जस्तै दश वर्षे जन युद्द भयो । यसले जातिय विभेदको विरुद्दमा एक खालको परिवर्तन ल्यायो अथवा छुत अछुत,सानो ठुलो हुदैन । कुनै पनि मानिस ठुलो सानो छुत अछुत बनाएको चाहि जात व्यवस्थामा आधारित हिन्दुवादि अधिनायकत्ववादी व्यवस्थाले गर्दा हो । जातिय विभेदको विरुद्द विभिन्न काल खण्डमा विभिन आन्दोलन,क्रान्ति,भए तर त्यसले कुनै पनि खालको परिवर्तन ल्याउन सकेन ।

तर माओवादि आन्दोलनले चाहि अथवा माओवादि कै कारण २०६२ ६३ को अन्तरिम संविधानमा जातको आधारमा कुनै पनि व्यक्ति अथवा समुदायलाई भेदभाव नगर्ने, कुनै पनि सामाजकि समारोहमा भाग लिन पाउने,प्रकृतिमा पाईने निशुल्क वस्तुको उपभोग सजिलै गर्न पाईने,यसमा जातकै कारण कुनै खालको रोक लगाउन नमिल्ने र यदि यस खालको कानुन उलङ्घन गरेमा कानुन बमोजि दण्डनिय हुने कुरा लेखियो ।

यसले गर्दा नेपाली समाजमा एक खालको चेतनाको विकास ल्यायो तर पुर्णरुपमा लागु हुन सकेन । शहर बजारमा त अलिबढि नै परिवर्तन ल्यायो तर गाँउबस्थि दुरदराजमा माओवादिले भने जस्तो वा संविधानमा समेटिए जस्तो कानुनको कार्यानयन हुन सकेन । मतलब धेरै समाजमा अहिले सम्म पनि जातव्यवस्था चलनमा आएकै छ । जसको एउटा उदाहरण प्रकृतिमा पाईने बहुमुल्य जडिबुडी संकलनमा जातकै कारण दलित समुदायलाई उपभोग गर्न रोक अथवा वहिष्करण गर्नु हो ।

यसरी देशमा विभिन्न व्यवस्थाहरु ,संविधानहरु परिवर्तन भए ता पनि त्यो अझै सम्म पुर्णरुपमा कार्यनयन हुन सकेन । यसको कारण भनेकै जातव्यवयस्ता हो । जुन प्रथा वा कानुन मनु देखि जंगबहादुर सम्म आइपुग्दा जातलाई वैधानिकरुपमा थमाईयो । त्यसमा दलित समुदाय सबै भन्दा बढि मर्कामा पर्यो कारण मुलुकिऐनमा जुन जन्मको आधारमा जात तोकियो र जात अनुसारको वैधानिक काम पनि तोकियो । त्यसमा पिँधमा पर्ने जाति शिक्षा स्वास्थ्य मौलिक हक अधिकारबाट पुर्णरुपमा वन्चित गरायो र दलित समुदायलाई समाजका सबै कुराबाट झन झन कम्जोर बनाउदै लगियो र देशमा जस्तो सुकै परिवर्तन आए पनि आफ्नो हकअधिकारको लागि लड्न नसक्ने असक्षम बनायो ।

यसरी दलितहरुलाई कम्जोर पार्दै लगिसके पछि शाषकहरुले विभिन्न कोणबाट भावनात्मकरुपमा अथवा भौतिकरुपमा डर धम्की दिन थाले । अब दलितहरु सबै कुराबाट वन्चित भैसके पछि उनिहरु सोतः कम्जोर भए । त्यसै कम्जोरीको फाइदा उठाएर दलितले मन्दिर जानु हुदैन,भुमि अथवा निजि सम्पति राख्नू हुदैन ।यदि यसो गर्यो भने पाप लाग्छ,नर्कमा गइन्छ भन्ने जस्टा झुटा आसवासन दिएर उनिहरुलाई उपभोगबाट वन्चित गरेको र त्यसबाट आफुले फाइदा लिएर शक्तिमा पुगेको र शासन गरिरहेको देखिन्छ ।

**(२) यार्सागुम्बा जस्तो बहुमुल्य जडिबुडी संकलनमा बहिष्कार हुनुले दलितहरुको आर्थिक एवं सामाजिक जिवनमा कस्तो प्रभाव परेको छ ?**

यार्चागुम्बा जस्तो बहुमुल्य जडिबुडीको संकलनमा रोक लगाउनुले दलित समसदायको आर्थिक एंव सामाजिक जीवनमा निकै प्रभाव एंव असर पारेको देखिन्छ । किनभने कुनै पनि मानिस एंव समाजको बिकाश र संवृद्दिको लागि समाजमा रहेका हरेक जाति र समुदाय बिच आपसी र भाईचाराको संवन्ध हुन जरुरी हुन्छ ।

तर जब समाजमा कुनै पनि जाति वा समुदायलाई जातको आधारमा विभेद गरन्छि त्यो समाज कहिले पनि सम्पन्न र सुखि हुन सक्दैन । र त्यो समाजमा जातिय आधारमा जो समुदाय विभेदित भएको छ त्यो जहिले पनि समाजका सम्पुर्ण कुराहरु बाट बहिष्कार हुदै आएको हुन्छ । त्यसले गर्दा उसको आर्थिक एंव सामाजिक अवस्था साह्रै न्युन भएको हुन्छ । किनभने जात व्यवस्था प्रयोग भएको समाजमा तल्लो वर्गमा पर्ने जातिलाई समाजका खासखास कुरा बाट वन्चित गरिएको हुन्छ ।

निजि सम्पती राख्न नपाउने,पैसा कमाउन नहुने, शिक्षा लिन नपाउने, प्रकृतिमा पाइने निशुल्क वस्तुको उपभोग गर्न नपाउने । सामाजको यस्तो प्रथाले दलितहरुको आर्थिक एंव समाजिक जिवन निकै कष्टकरपुर्ण हुनु स्वाभाविक नै हो । मैले तयार पारेको सोधपत्रमा दलित भएकै कारण यार्चागुम्बा जस्तो बहुमुल्य जडिबुडीको संकलनमा रोक लगाएको छ । यदि दलितहरुलाएर पनि गैरदलितको सरह यार्चागुम्बा जस्तो बहुमुल्य जडिबुडीको संकलनमा रोक नलगाएको भए उनिहरुको पनि आर्थिक एंव सामाजिक अवस्थामा पक्कै पनि व्यापक परिवर्तन हुने थियो । उनिहरुले पनि आफ्ना छोरा छोरीलाई राम्रो तरिकाको शिक्षा स्वास्थ्य दिन पाउथे । तर उहिरुलाइ जातकै कारण त्यसबाट बहिष्कार गरियो र उनिहरुको आर्थिक एंव समाजिक जिवन निकै निन्दनिय बन्न पुग्यो ।

**(३) कानुनले नै दलित भनेर कुनै पनि समुदायलाई कुनै पनि क्षेत्रमा र कुनै पनि वस्तुको उपभोगमा रोक लगाउन पाइने छैन । यदि गरिहाले कानुन बमोजिम कार्बाहि गरिने भनेता पनि किन दलितहरुले आफ्नो अधिकारको लागि लडेनन्त ?**

हो वास्तवमा नेपालको कानुनले नै कुनै पनि जातिलाई जातकै आधारमा कुनै पनि कुरामा विभेद गर्न पाईदैन भनि संविधानको धारानै चम्कायो तर त्यो कुरा हिन्दुवादि संस्कारले जरा गाडेको समाजमा अथवा देशमा हुने खाने वर्गमा लागु हुन सकेन अथवा भनौ त्यो कानुन हुने खाने वर्गको लागि बनेकै थिएन । त्यो त केवल पींधमा परेको जातिलाई सहानुभुति दिनको लागि बनेको भन्न सकिन्छ किनभने दलित समुदायले पनि मान्छे भएर बाँच्न पाउनु पर्छ भनि अन्तरिम संविधान बनेको पनि १५ वर्ष भैसक्यो तर दलितको अवस्था जहाँको तहिँ छ ।

दलित भएकै कारण आज पनि समाजमा दलितले मान्छे भएर बाँच्न पाएको समाचार वा कथा कमै सुनिन्छ । आज पनि दलित भएकै कारण प्रकृतिमा पाइने बहुमुल्य जडिबुडि यार्चागुम्बा संकलन गर्न पाएका छैनन् । तर पनि दलित समुदायले त्यसको विरुद्दमा आवाज उठाउन सकिरहेका छैनन् । कारण देशमा जस्तोसुकै कानुन बने पनि एउटा विभेदको विरुद्दमा आवाज उठाउन त पक्कै सक्थे तर उठेको आवाजलाई सुनिदिने कस्ले ? दवेको आवाज सुन्ने व्यक्ति त पक्कै थिए तर सुन्ने व्यक्तिमा दलितको अनुहार थिएन । त्यसैले आवाज उठाउन खोजे पनि उठाउने आँट नै गरेनन् । किनभने दलितहरुलाई आफ्नो अधिकारको विरुद्दमा आवाज उठाउनु भन्दा पनि खान पाउनु र बाँच्न पाउनुको डर थियो ।

**भौगोलिक स्थिति**

**१) परिचय**

नेपालको प्रदेश न. ७ को दार्चुला जिल्लामा अवस्थित यस अपिहिमाल गाँउपालिका भौगोलिक हिसाबले करिब ८०५० देखि ८१६ पुर्वि देशान्तर र २९५० देखि ३०८० उत्तर अक्षरांशमा रहेको छ । करिब ६१३.९५ वर्गकिलोमिटर क्षेत्रफल रहेको गाँपालिकाको पुर्वमा बझाङ जिल्ला , पश्चिमतिर नौगाड गाँउपालिका , दक्षिणमा मार्मा गाँउपालिका र उत्तरमा ब्याँस गाँउपालिका रहेका छन । सुदुरपश्चिमकै सबै भन्दा अग्लो हिमाल अपि लगाएत नाम्पा,काँईयाकोर,जेठी बहुरानी र कपिलको

सोभाले यहाँको प्राकृतिक सौन्द्रय निकै मनमोहक देखिन्छ । हावा पानीको हिसाबले न्यानो सम्षितोण, ठण्डा सम्षितोण,लेकाली र हिमाली रहेको छ ।

## २) प्राकृतिक सम्पदा

दार्चुला जिल्लाको अपिहिमाल गाँउपालिका प्राकृतिक सम्पदाको हिसाबले निकै धनि गाँउपालिका हो । यहाँको प्राय जस्तो ठाँउ घना जंगलले ढाकिएको छ । यहाँ विभिन्न प्रकारका बोट विरुवाहरु प्रसस्तै पाईन्छन । जस्तै धुपि सल्ला,गोब्ब्रे सल्ला,दियालो,खर्सु,बाँज,सेतोगुँरास,लालीगुँरास,पाङ्गर आदि यहाँका मुख्य बनस्पतिहरु हुन । यो क्षेत्र जल सम्पदाको हिसाबले दार्चुला जिल्लाकै धनि गाँउपालिकाको रुपमा चिन्न सकिन्छ । यहाँका प्रमुख नदिहरुमा चौलानी,कापुखोला,घट्टे खोला,मकरी गाड रहेका छन ।

यो क्षेत्र विभिन्न किसिमका जडिबुडीहरुको लागि एकदमै प्रशिद्ध ठाँउ मानिन्छ । यहाँ पाईने जडिबुडीहरुमा वन आलु , वन लसुन , पाँच औले , जटामसी , कटुस , सतुवा , च्याउ , गानानु , डोलु , खिऱ्याउलो र यार्चागुम्बा आदि रहेका छन । यि विभिन्न जडिबुडीहरु मध्ये यार्चागुम्बा सबै भन्दा बहुमुल्य जडिबुडी हो । यार्चागुम्बा जस्तो बहुमुल्य जडिबुडीले अपिहिमालका जनताहरुलाई निकै राहतको महसुस भएको छ ।

## सामाजिक अवस्था

### १) जनसंख्या

कुनै पनि समाजको सामाजिक, आर्थिक ,सांस्कृतिक एवंम समाजमा भैरहेको जातिय विभेद तथा बहिष्करणको अध्ययन गर्नको लागि त्यस समाजका विभिन्न पाटाहरुको अध्ययन गर्नु पर्दछ । त्यस मध्ये एउटा महत्वपुर्ण पाटोको रुपमा उक्त समाजको जनसंख्यालाई अभिन्न अंगको रुपमा लिन सकिन्छ । त्यसैले कुनै पनि समाजको सामाजिक अवस्था एवंम सामाजिक गतिविधिमा जनसंख्याको निकै महत्वपुर्ण भुमिका रहन जान्छ ।

अपिहिमाल गाँउपालिका वार्ड न.४ मा बसोबास गर्ने दलित समुदायको बारेमा अध्ययन गर्दा राष्टिय जनगणा २०६८ अनुसार त्यस गाँउपालिकाको कुल जनसंख्या ६७७९ मध्ये दलित समुदायको जम्मा संख्या १७५ रहेको पाईन्छ । जस मध्ये पुरुषहरु ९०  र महिलाहरु ८५ रहेका छन । उक्त क्षेत्रमा

उनिहरुको घर संख्या जम्मा २५ रहेको छ। जस मध्ये वार्ड न. ४ मा चाहि १७ घरधुरी रहेको छ। जहाँ पुरुष ७० र महिला ५६ गरी जम्मा १२६ रहेको छ।

**तालिका न. १**

**अध्ययनमा छनोट गरिएको उत्तरदाताको उमेरगत जनसंख्या विवरण**

| क.स. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | २० देखि ३० वर्ष सम्म | १० | २९.४१ |
| २ | ३१ देखि ४० वर्ष सम्म | १४ | ४१.१७ |
| ३ | ४१ देखि ५० वर्ष सम्म | १० | २९.४१ |
|  | जम्मा | ३४ | १०० |

स्रोत : स्थलगत सर्वक्षेण, २०७८

तालिका १ बमोजिम अध्ययन गर्दा जम्मा ३५ जना उत्तरदाताहरुमा २० देखि ५० वर्ष भित्रका महिला पुरुषहरु समावेश गरिएको  छ। जस मध्ये २० देखि ३० वर्ष सम्मका १० (२९.४१ %)जना, ३१ देखि ४० वर्ष सम्मका १४ (४१.१७ %) जना र ४१ देखि ५० वर्ष सम्मका १० (२९.४१ %) जना गरी जम्मा ३४ जना उत्तरदाता समावेश गरिएको छ।

## २) परिवार

समयको परिवर्तन संगै समाजका विभिन्न पक्षमा परिवर्तन भैरहेको छ। त्यसैले अरु समुदायमा एकल परिवार प्रति बढेको चाँसोको प्रभाव दलित समुदायमा पनि प्रत्यक्ष रुपमा बढेको देखिन्छ। प्राय अरु समुदायको सरह दलित सुदायको पनि घरमरलीको रुपमा पितृसत्ता नै हाबि भएको देखिन्छ। घर

बाहिरका प्राय सबै काम पुरुषहरुले नै गरेको पाईन्छ। जस्तै आर्थिक कारोबार , सामाजिक समारोहमा सहभागि आदि कुरामा पुरुषको नै अधिपत्य रहेको देखिन्छ। यसको मुल कारण पितृसत्ताको कारणले नै भएको पाउन सकिन्छ। कुनै पनि गहन कुराको निर्णय गर्नमा पुरुषहरुको नै हाबि भएता पनि प्राय सबै कुराहरुमा दुबैको उत्तिकै भुमिका रहेको देखिन्छ ।

पुरुष घर बाहिरको काममा लगाब भए जस्तै घर भित्रको प्राय सम्पुर्ण धन्दामा महिलाको सहभागिता देखिन्छ। सामान्या तया घरको चुलो चौको , मेलापात घासपात , बालबच्चाको स्याहार सुहार र सरसफाईमा महिलाहरुनै बढि जिम्मेवार रहेको देखिन्छ। यसरी हेर्दा उक्त समुदायमा महिला र पुरुषको सहभागिता उक्तिकै गौण देखिन्छ। उनिहरु बिचमा प्रत्यक्ष रुपमा कुनै पनि लैङ्गीक विभेद भएको पाईदैन। कुनै पनि शिशुको जन्म हुदा छोरा वा छोरीको चाहना राख्छनकी राख्दैनन् ? कि दुबैको बराबरी ? भन्ने सम्बन्धमा अध्ययन गर्दा निम्न तथ्याङ्क फेला पर्‍यो ।

**तालिका नं. २**

**छोरा र छोरीलाई गरिने महत्वको विवरण**

| क.स. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | छोरा चाहने | १० | २९.४१ |
| २ | छोरी चाहने | १० | २९.४१ |
| ३ | दुबै चाहने | १४ | ४१.१७ |
| | जम्मा | ३४ | १०० |

स्रोत : स्थलगत सर्वक्षेण, २०७८

उक्त सर्वेक्षण बाट के भन्न सकिन्छ भने, दलित समुदायमा शिक्षाको त्यति पहुँच नभएता पनि उनिहरुको लैङ्गिक विभेदमा निकै सकारात्मक परिवर्तन भएको देखिन्छ। किनभने उनिहरुको लागि छोरा छोरीको उक्तिकै महत्व रहेको देखिन्छ। किनभने यो सर्वेक्षणले  देखाएको तथ्याङ्क हो। उक्त सर्वेक्षण

अनुसार छोरा छोरी दुबैको चाहाना राख्ने १४ जना (४१.१७ %) प्रतिशत,छोराको मात्रै चाहाना राख्ने १० जना (२९.४१ %) प्रतिशत र छोरीको चाहना राख्ने १० जना (२९.४१ %) प्रतिशत रहेको छ। यसबाट के भन्न सकिन्छ भने उक्त दलित समुदायमा छोरा छोरी प्रतिको लैङ्गिक विभेदमा निकै परविर्ततन भएको देखिन्छ। यो समाज विकाशको निकै सकारात्मक पक्ष हो।

**३) घरको किसिम**

अपिहिमाल गाँउपालिका वाड. न. ४ मा बस्ने दलित समुदायका घरहरु सामान्यतया ढुङ्गाले बनाएका र छाना पनि ढुङ्गाले नै छाएका छन्। सामान्यतया दुई देखि तिन तला सम्मका घरहरु हुने गर्दछन। तलको भुँई तलामा गाँई भैसि राख्ने र माथिल्लो तलामा आफुहरु रहने गर्दछन। केहि पहुँच भएकाहरुको घर पक्की पनि छन तर धेरैका घरहरु ढुङ्गाले नै छाएका र सेतो माटोले पोतेका हुन्छन्। केहि वर्ष पहिले सम्म सबैका घरहरुमा ढुङ्गाका चुलाहरु हुने गर्दथे। तर समयको परिवर्तन संगै आज प्रत्येकको घरमा प्राय जसो सुधारिएको चुलो जडान गरिएको छ। उज्यालोको लागि सोलारहरु जडान गरिएका छन्।

**तालिका न. ३**

**घरको किसिम सम्बन्धिको विवरण**

| क.स. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | टिनले छाएको छाप्रो | १ | ५.८८ |
| २ | ढुङ्गाले छाएको छाप्रो | १४ | ८२.३५ |
| ३ | पक्कि घर | २ | ११.७६ |
| | जम्मा | १७ | १०० |

स्रोत : स्थलगत सर्वक्षेण, २०७८

उक्त माथिको तालिका अनुसार घरको किसिमको बारेमा चर्चा गरिएको छ। जस्मा उक्त गाँउपालिकाको वार्ड. न. ४ मा जम्मा १७ वटा घर रहेको छ। जस मध्ये टिनले छाएको १ घर (५.८८ %) , ढुङ्गाले छाएको १४ घर (८२.३५ %) र पक्कि घर जम्मा २ (११.७६%)वटा रहेको छ।

**(४) भाषा धर्म**

अपि हिमालमा बस्ने प्रायः सबै समुदायले मान्ने धर्म सनातन कालदेखिको हिन्दु धर्म नै हो । यहाँका सबै हिन्दु धर्ममा आस्था एवम् विश्वास गर्ने गर्दछन् । त्यसैगरी दलित समुदायले पनि मान्दै आएको धर्म हिन्दु नै हो । जन्मदेखि मृत्युसम्म हुने सबै कार्य हिन्दु धर्ममा आधारित हुने गरिन्छ । हिन्दु धर्मअनुसार उनीहरुको आ-आफ्नै कुल देवता रहेका छन् ।

प्रत्येक समुदायको आफ्नो छुट्टै भाषा रहने गर्दछ । त्यस्तै त्यहाँ बस्ने दलित समुदायको पनि आफ्नै मौलिक भाषा छ, संस्कृति छ, परम्परा छ । उनीहरुको भाषा सुदूरपश्चिमतिर बोलिने डोटेली भाषा हो ।

**(५) मौलिक एवम् सांस्कृतिक रीतिरिवाजहरु**

नेपाल बहुभाषिक, बहुसांस्कृतिक, बहुधार्मिक मुलुक हो । यहाँभित्र बसोबास गर्ने विभिन्न समुदायको आफ्नै मौलिक, सभ्यता, कला, धर्म र संस्कृति रहेको छ । त्यस मध्ये अपि हिमाल गाउँपालिका वार्ड नं. ४ मा बस्ने दलित समुदायको पनि आफ्नै किसिमको संस्कृति एवम् संसकार रहेको छ । यहाँका दलित समुदाय हिन्दु धर्ममा आस्था राख्ने भएका कारण यिनीहरुको सम्पूर्ण संस्कृति एवम् संस्कार हिन्दु मान्यता अनुसार नै चलेको देखिन्छ । यिनीहरुको मुख्य चाडपर्वहरुको रुपमा हिन्दुहरुको महान पर्व वडा दशै, भाइटिका, विशु , माघे संक्रान्ति, साउने संक्रान्ति, श्री पञ्चमी, गौरा पर्व आदि मुख्य पर्वहरु हुन् । जसलाई निम्नानुसार तल उल्लेख गरिएको छ ।

**(क) दशैं**

दशैं हिन्दुहरुको महान पर्व हो । यसलाई नेपालमा हिन्दु धर्ममा आस्था राख्ने समुदायहरुको सबैभन्दा ठूलो पर्वको रुपमा लिने गर्दछन् । दशै मनाउनको लागि नेपाल सरकारले १५ दिनको राष्ट्रिय विदा समेत दिने गरेको छ । दशैं मुख्यतया असोज कार्तिक महिनामा पर्ने गर्दछ । दशैंलाई हिन्दुहरुका देवता रामको रावण माथि विजय गरेको खुशीयालीका रुपमा मनाउने गर्दछन् । त्यसको लागि घटस्थापनाको दिनमा प्रत्येक समुदायले आ-आफ्नो घरमा जमरा छर्ने काम गर्दछन् । त्यसको लागि घर लिपपोट गर्दछन्, विभिन्न प्रकारका रंगहरु लगाउने गर्दछन् । नेपाल सरकारले उक्त पर्वलाई राष्ट्रिय विदा दिएको कारण प्रदेशमा गएका आफन्तहरु अथवा विद्यार्थीहरु घरमा आउने गर्दछन् ।

दशैंको दिन दलित समुदायका मानिसहरु आ-आफ्नो घरमा मिठो परिकारहरु बनाउँछन् । विहे गरी गएका चेलिबेटीहरु पनि आफ्नो माइती घरमा आउने गर्दछन् । वर्षौं पछि माइतीहरु सित भेट हुँदा खुब रमाइलो गर्दछन् । मनका सुख दुःख साटासाट गर्ने गर्दछन् । ठुलाबडाको हातबाट जमरा लगाउँछन् र ठुलो आशीर्वाद पनि लिने गर्दछन् । त्यसपछि आफन्तहरुको घरघरमा गएर जमरा लगाउने र लाउने काम गर्दछन् । विभिन्न साथी संगीहरु सित रमाइलो भेटघाट गर्दछन् ।

दशैंको दिन दुर्गा भवानीको पुजा गरी सकेपछि जमरा लगाउने र आशीर्वाद थाप्ने कार्यक्रम हुन्छ त्यसपछि हुने खानेहरुले बाख्राको बली चढाउँछन् र घरका एक एक जना बोलाएर वाडीचुँडी खाने काम गर्दछन् । पुरुषहरु टिका  लगाइ सकेपछि रक्सी खाँदै दशैलाई खुशियालीको साथ विदा गर्दछन् ।

**(ख) भाइटिका**

भाइटिका पनि हिन्दुहरुको मुख्य पर्व हो । यो पर्व दशैं भएको २० दिन पछि मनाइन्छ । यस पर्व खास गरी भाइ वर्षको रुपमा मनाउने गरिन्छ । भाइको सुस्वास्थ्य एवम् लामो आयुको लागि दिदी बहिनीले भाइलाँई सयपत्रि फुलको माला लगाइ दिएर मनाउने गर्दछन् ।

यस पर्वमा भाइ नभएकाहरु आफन्तलाई भाइ बनाएर माला लगाउने गर्दछन् भनै बहिनी नहुनेहरु पनि आफन्तलाई बहिनी बनाएर माला लगाउने काम गर्दछन् । यो पर्व रमाइलोको हिसाबले दशैभन्दा राम्रो मानिन्छ किनभने यस पर्वमा देउसी भैलो खेल्दै रमाउँदै प्रत्येकको घरघरमा गएर मिठा मिठा खाने कुरा खाने साथै पैसा थुपारी रमाइलो भोज भतेर गर्ने गरिन्छ ।

**(ग) विशु**

विशु नयाँ वर्षमा मनाउने पर्व हो । यसमा आफन्तसँग भेटघाट गर्दै पुराना दिनमा भएका नराम्रा कामहरुलाई विर्षदै नयाँ मित्रता बढाउने पर्वको रुपमा लिन सकिने चाड पर्व हो । अपि हिमालमा यो पर्व खास त्यति पर्वको रुपमा नमनाए पनि अविवाहित केटाकेटीहरु राति कुनै एक ठाउँमा जम्मा भएर दोहोरी खेल्दै माया प्रेमका कुराहरु गर्दै मनाउने गर्दछन् ।

**(घ) साउने संक्रान्ति**

साउने संक्रान्ति पनि अपि हिमालमा बस्ने सबै समुदायको मुख्य वर्ष नै हो । यस पर्वमा दलित समुदायको पनि उत्तिकै प्रभावकारिता रहेको देखिन्छ । यस पर्वलाई उक्त समुदायमा साउने वलीको नामबाट मनाउने गर्दछन् । यो पर्व असारको अन्तिम देखि साउन महिनाको एक गते गरी दुई दिन मनाउँछन् ।

यसमा प्रत्येक जोडा वर्षमा एक पटक बाखाको बली दिने गर्दछ भने एक वर्ष बर्सिको बली दिने गर्दछन् । यस पर्वमा विभिन्न प्रकारका काँडाका हाँगाहरु जंगलबाट काटेर घरमा ल्याउँछन् र घरमा प्रत्येक झ्याल ढोकाहरुमा काँडाहरु लगाउने गर्दछन् ताकि भुत पिचासहरु रघ भित्र नपसुन् भन्ने मान्यता छ । केही काँडाका हाँगाहरु घरभित्र ल्याई परिवारका सबै सदस्सयहरु एक ठाउँमा जम भै ठुलाबडाको हातबाट सबैलाई झारफुक गर्ने गर्दछन् र यदि कोही परिवारका सदस्य बाहिर परदेशमा रहेको खण्डमा तिनीहरुको प्रतिविम्बको रुपमा कचौरामा चामल हालेर सबै सदस्यसँगै उनीहरुको पनि झारफुक गरिन्छ र त्यसपछि घरको एकजना पुरुषले उक्त झारफुक गरेको काँडाले घरका सम्पूर्ण

कोठाहरु झारफुक गर्छ र गाउँका सबै मान्छे जम्मा भई बलि दिने ठाउँमा ती प्रत्येक घरबाट झारफुक गरी ल्याएको काँडालाई एक ठाउँमा थुपारिन्छ र बाखाको वली दिने साल बाखालाई जहाँसम्म आफ्नो गाउँको सिमाना पर्छ त्यो पुरै सिमाना भरी घुमाउँछन्, ती काँडाहरु राखेको ठाउँमा पुऱ्याएर बली दिन्छन् ।

फर्सिको बली दिने साल प्रत्येक घरबाट एक एक कर्सिको बाखा बनाएर बलि दिने गर्दछन् र बलि दिनुभन्दा पहिले उक्त गाउँका आफन्तहरु कही बाहिर कामको लागि गएका छन् भने तिनीहरुलाई फर्कन्छन् र आएपछि मात्र बली दिने गर्दछन् । यसरी साउने संक्रान्ति मनाउँदछन् ।

(६) **शिक्षा**

शिक्षा जीवन परिवर्तनको एउटा महत्वपूर्ण पाटो हो, जसले मानिसलाई एउटा सभ्य नागरिक हुन सिकाउँछ । शिक्षा नै एउटा त्यस्तो चिज हो जसले संसारलाई नै बदल्न सक्छ । त्यसैले मानव जीवनमा शिक्षाको सबैभन्दा बढी महत्व छ । शिक्षा मानव जातिलाई चाहिने अभिन्न अंग हो । शिक्षा विना कुनै पनि शिक्षा मानव जातिलाई चाहिने अभिन्न अंग हो । शिक्षा विना कुनै पनि समाजको परिकल्पना गर्न सकिँदैन । अहिलेको अवस्थाबाट संसार यो वैज्ञानिक अवस्थामा पुग्नुनै शिक्षाको देन हो ।

संसारमा भएका सम्पूर्ण विकास एवम् आविष्कारहरु नै शिक्षाको गतिलो प्रमाण हो । प्रजातनत्रको स्थापना पछि या जनयुद्धको अन्त्य पछि पिछडिएका जातीहरुलाई शैषिक गुणस्तर दिने भनी विभिन्न कानुन बनाउँदा पनि त्यति ती कानुनहरु दलित समुदायमा लागु भएका देखिँदैनन् । त्यस कारण अन्य समुदायको तुलनामा दलित समुदायको शिक्षा क्षेत्रमा त्यति पहुँच देखिँदैन । देशमा गणतन्त्र आइसकेपछि प्राथमिक तहको शिक्षा त प्रायः सबैले गरेका छन् तर त्योभन्दा माथिको उनीहरुको उपस्थिति अलि कम देखिन्छ ।

**तालिका नं. ४**

**अध्ययन क्षेत्रका दलित समुदायको शैक्षिक अवस्था**

| क्र.स. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | निरक्षर | १० | २९.४१ |
| २ | साक्षर | ५ | १४.७० |
| ३ | (१-५) कक्षा सम्म | १० | २९.४१ |
| ४ | (६-१०) कक्षा सम्म | ५ | १४.७० |
| ५ | एस.इ.इ. भन्दा माथि | ४ | ११.७६ |
| | जम्मा | ३४ | १०० |

स्रोत : स्थलगत सर्वक्षेण, २०७८

तालिका न. ४ अनुसार जम्मा उत्तरदाता संख्याहरु मध्ये १० जना (२९.४१%) निसाक्षर,५ जना (१४.७०%) साक्षर,कक्षा १ देखि ५ सम्म पढ्ने १० जना (२९.४१) , कक्षा ६ देखि १० सम्म पढ्ने ५ जना (१४.७०%) र एस.इ. इ. भन्दा माथि सम्म पढ्ने ४ जना (११.७६%) मात्र रहेका छन । यस अध्ययन बाट के प्रष्ट हुन्छ भने जातिय आधारमा दलित समुदाय अझै पछाडिनै परेको देखिन्छ ।

**आर्थिक अवस्था**

कुनै पनि समुदायको आर्थिक अवस्थाको अध्ययन गर्नको लागि तिनीहरुको सम्पत्तिको स्रोत, पेसा व्यवसायको बारेमा  जानकारी हुनु पर्दछ । सामान्य रुपमा हेर्दा अपि हिमाल गाउँपालिका वार्ड नं. ४ मा बस्ने दलित समुदायको आर्थिक अवस्था अरु गैर दलितहरुको भन्दा अलि कमजोर नै रहेको देखिन्छ । उनीहरुसँग प्रयाप्त जमिन नभएको कारण अथवा धेरै समयसम्म यार्चागुम्बा जस्तो बहुमुल्य जडीबुटी लगायत पाटनमा पाइने अरु जडीबुटीमा रोक लगाउनुको कारण उनीहरुको आर्थिक अवस्था अरु

समुदायको भन्दा तल खस्केको नै देखिन्छ । उनीहरुको जमिन एवम् पेशाबाट वर्ष दिनसम्म खान पनि धौधौ पर्दछ ।

**(१) पेशा**

अपि हिमाल गाउँपालिका वार्ड नं. ४ मा बस्दै आएको दलित समुदायको मुख्य पेशा भनेको नै किसानी, भाडा वर्तन बनाउने अर्थात् आरनको काम मुख्य हुन् । घरको आर्थिक स्थिति कमजोर भएको कारण एवम् दलित भएकै कारण शिक्षा लिन नपाए पछि आश्रित हुने रोग पुर्खाबाट वर्तमानसम्म पनि परेको देखिन्छ । त्यै अशिक्षाको कारण कुनै पनि पनि किसिमको सरकारी नोकरीमा पहुँच भएको देखिँदैन । दलित भएकै कारण खेतबारी पनि कम भएको कारणले वर्षभरी खान धौधौ परिरहेकोले भारततिर मजदुरी गर्न जाने, क्रम पनि निकै बढी रहेको छ ।

२०७०, ०७१ साल पछि दलितलाई पनि यार्चागुम्बा संकलन गर्न दिएपछि मात्र विस्तारै उनीहरुको आर्थिक अवस्थामा सुधार हुँदै गएको पाइन्छ । दलित समुदायका छोराछोरा पनि एक आद सहरबजार तिर राम्रो शिक्षा लिन पाएका छन् ।

**(२) पशुपालन**

पशुपालन ग्रामीण समुदायको एक जीवनस्तरको मुख्य अंग हो । यसले ग्रामीण भेगमा विशेष गरी कृषि क्षेत्रमा आवद्ध रहने किसानहरुलाई खेती किसानीमा निकै महत्वपूर्ण योगदान पुऱ्याउँछ । खेतीपाती फस्ताउनको लागि पशुहरुले मल दिने  गर्दछन् । त्यसले गर्दा खेतीपाती उर्वर हुन्छ ।

त्यसैले पशुपालन ग्रामीण भेगमा बस्ने समुदायको लागि मुख्य चिज हो । पशुपालनले अन्नबालीमा उर्वर उत्पादनको साथै मान्छेहरुलाई पौष्टिक तत्व पनि उत्तिकै दिने काम गर्दछ । जस्तै गाई भैँसीबाट दुध, घिउ तथा गोरुबाट जोत्ने काम, बाखाहरुबाट आयआर्जन हुने गर्दछ । त्यसैले अपि हिमाल गाउँपालिका वार्ड नं. ४ मा बस्ने दलित समुदायमा पनि पुशपालन सम्बन्धमा निकै लगाव रहेको देखिन्छ ।

प्रायः प्रत्येकको घरमा गोरु, गाई, भैसी, बाखा आदि पालेका हुन्छन् । जसले गर्दा उनीरुको दैनिक जीवनमा आइपर्ने समस्याहरुको सजिलै हल गर्न सक्छन् । त्यसैले दलित समुदायको एक मुख्य स्रोतको रुपमा पशुपालनलाई पनि लिन सकिन्छ । सामान्यतया उनीहरु पशुपालनलाई व्यावसायिक

रुपमा लिने  गरेको पाइँदैन । तर पशुरु भित्रकै बाखालाई उनीहरु मुख्य आयस्रोतको रुपमा लिने गर्दछन् । त्यस समुदायभित्रका केही व्यक्ति एवम् परिवारहरुसँग २० देखि ५० सम्म बाखाहरु रहेका छन् । जसले गर्दा उनीहरुले त्यसबाट राम्रो आम्दानी हात पारेको देखिन्छ ।

**(३) वित्तिय संस्थाहरु**

् अपिहिमाल गाँउपालिका वार्ड ४ मा माछापुछ्रे बैंक, दुईवटा सहकारी संस्थाहरु रहेका छन । यी संस्थाहरुमा सबैले सुबिधा त लिनसकेका छन तर भने जस्तो सुबिधा पाउन सकिरहेका छैनन्  ।

**(४) कृषि र वन**

अपिहिमाल गाँउपालिकामा दलित समुदायको जमिन २ देखि ५ रोपनी सम्म रहेको छ । उनीहरुको मुख्य खेतिपातीको रुपमा मकै,गहुँ,आलु,सिमी आदि रहेका छन । जमिन थोरै भएको कारण उनीहरुलाई खान लाउन नपुग्ने भएकोले अरु काम पनि गर्ने गर्दछन । अरु कामहरुमा ठेका पट्टा ,सानो तिनो व्यापार र गैर दलितहरुको भाँडा कुडाँ बनाउले गर्दछन । जस बाट उनीहरुको घर व्यवहार चलेको छ ।

गैर दलित र दलित समुदायहरुको सामुदायक वन भएको कारण ईन्धनको रुपमा उनिहरु दाउरा बाल्ने गर्दछन  । तथा गाई भैसीको लागि घासपात,स्याउला सोतर ल्याउने गर्दछन ।

**(५) विविध**

दलित समुदाय भित्र कोहि अलि हुनेखाने र कोहिको आर्थिक अवस्था एकदमै दयनिय नै छ । दलित समुदाय उसै पनि आर्थिक एवंम सामाजिक रुपले गैर दलित भन्दा विपन्न वर्गमा नै पर्ने गर्दछन । उनीहरुको मुख्य पेशाको रुपमा कृषि,पशुपालन, ज्याला मज्दुरी र आरन चलाउने काम रहेका छन । कृषिको लागि प्रयाप्त जमिन नभएको कारणले गर्दा उनीहरुलाई वर्ष भरि खान लागाउन पनि पुग्दैन ।

त्यसैले उनीहरु कृषिको साथ साथै मालिकको ज्याला मज्दुरी र रैतिहरुको भाँठाकुडाँ बनाउनको लागि आरनमा काम गर्ने गर्दछन् । तर यार्चा गुम्बाको उपभोग गर्न पाउने भैसकेपछि बिस्तारै बिस्तारै उनिहरुको आर्थिक अवस्थामा सुधार भएको देखिन्छ ।

**अध्याय : पाँच**

## १. सामाजिक जीवनमा जातीय भेदभाव एवंम वहिष्करणले खेलेको भूमिका

नेपालको अन्तरिम संविधान २०६३ ले जातीय आधारमा कुनै पनि किसिमको विभेद गर्न पाइने छैन भनी घोषणा गरे तापनि व्यावहारिक रुपमा त्यो लागु भएको देखिँदैन । मनु स्मृतिका अनुसार शिर बाट ब्राह्मण, पाखुराबाट क्षेत्री, जाङबाट वैश्य र पैतलाबाट शुद्र भएको भन्ने मान्यतालाई निकै व्यावहारिक रुपमा अभ्यास गरेको पाइन्छ । जसले गर्दा वर्ण व्यवस्थाको तल्लो पिँधमा पर्ने वैश्य र शुद्र जातिको सामाजिक एवम् आर्थिक जीवनमा निकै असर परेको देखिन्छ । त्यस मध्ये पनि झन शुद्र जातिलाई त मानव भएर पनि पशुको व्यवहार गर्ने परम्परा सदियौ ंदेखि चल्दै आएको छ ।

नेपालमा मनु स्मृति देखि जयस्थिति मल्ल सम्म पुग्दा जातलाई चार वर्णमा मात्र विभाजन गरेका थिए तर नेपालको इतिहासमा क्रुर तानाशाही भएर १०४ वर्ष शासन गरेका राणा वंशका जंगबहादुर राणाले वि.सं. १९१० को मुलुकी ऐनले त झन् दलित समुदायको जीवन नै नरकीय अवस्थामा पुऱ्याइ दियो । मुलुकी ऐन भन्दा पहिले कामको आधारमा वर्ग विभाजन हुन्थ्यो । त्यस व्यवस्थामा काम अनुसारको जात घटवढ हुन्थ्यो । त्यस व्यवस्थामा खासै कोही पनि जाति त्यति पीडामा बाँचेका थिएनन् । तर जङ्गबहादुरले जुन व्यवस्था संविधानमै जारी गरे । त्यस बखतदेखि दलित समुदायको अवस्था झन नरकीय अवस्थामा झर्न पुग्यो । मुलुकी ऐनको वर्ग एवम् जाति विभाजन अन्तर्गत ब्राह्मणले वेद पढ्ने , क्षेत्रीले सिमाको रक्षा गर्ने, वैश्यले व्यापार गरेर क्षेत्री बाहुनको सेवा गर्ने अर्थात् सामान्य अर्थमा भन्दा ब्राह्मण क्षेत्रीको पालन पोषण गर्ने र त्यस्तै शुद्र अर्थात् दलितले वेद नपढ्ने उसका सन्तान, दर सन्तानले जीवन भरी माथिका तिनै जातिको सेवा गर्ने अर्थात् दास हुने ।

यस्तो क्रुर व्यवस्थाले दलित समुदाय समाजका सम्पूर्ण संरचनाबाट अलगिनु परेको हो । उनीहरुको सामाीजक एवम् आर्थिक जीवन झन झन तल झरेको छ । दलित समुदायले राम्रो लगाउन नपाउने, शिक्षा लिन नपाउने, सम्पत्ति राख्न नपाउने आदि यस्ता जघन्य अपराध जस्ता व्यवस्थाले दलित समाजका सम्पूर्ण व्यवस्थाबाट बहिष्करण भएका हुन् ।

समाजमा दैनिक जीवनमा आवश्यक पर्ने साधनहरु उत्पादन चाहिँ दलितले गर्ने तर उनिरुले उत्पादन गरेको वस्तु आफैँले उपयभोग गर्न नपाइने जस्तो कानुनले गर्दा दलित झन झन तल झर्दै गएको हो । आफैँले बनाएको भाँडामा पानी खान नपाइने, आफैले बनाएको घरमा पस्न नपाइने आदि

जस्ता अमानवीय कुकृतिले गर्दा दलित समुदायको जीवन अहिलेको अवस्थामा आइपुग्दा पनि निकै दयनीय नै छ । निजी सम्पत्तिको स्वामित्व, भूमि स्वामित्व उनीहरुको हकमा नहुने व्यवस्थाले गर्दा दलित समुदाय सामाजिक एवम् आर्थिक अवस्थामा गैर दलित भन्दा तल पुगेका छन् ।

**२. भेदभाव एवंम स्वतहः बहिष्कार गर्ने ठाउँहरु**

जंगबहादुरको मुलुकी ऐनले दलित समुदायलाई समाजका प्रायः सम्पूर्ण कुराहरुबाट बहिष्कार गरेको देखिन्छ । जस्तैः पानी खान नदिन, मन्दिरमा पुजा गर्न नदिन, सार्वजनिक समारोहमा भाग लिन नदिन, प्राकृतिक सम्पदाको उपभोग गर्न नपाउनु, व्यक्तिगत सम्पत्ति राख्न नपाउनु, गैर दलित समुदायभन्दा टाढा बस्नु, जीवन भरी गैर दलितहरुको निःशुल्क सेवा गर्नु, मागी खानु, भूमिमा स्वामित्व नखोज्नु, फोहोरमै खेल्नु, फोहरमै मर्नु, वेद पढ्न नपाउनु, ठूला जातका लाई शिर निहुराएर ढोग्नु आदि । नियम भित्र दलित समुदायलाई बाँधेको देखिन्छ ।

जसले गर्दा दलित समुदायको हैसियत तल तिर गिर्दै गरेको देखिन्छ । दलितलाई यस्ता ठाउँहरुमा भेदभाव एवम् बहिष्कार गर्नाले उनीहरुको सामाजिक एवम् मानसिक अवस्थामा कस्तो असर पर्दछ ? दलितका स्वतहः अथवा अभौतिक रुपमा कस्ता ठाउँमा भेदभाव एवम् बहिष्कार गरिन्छ ? भन्ने बारेमा तल निम्नानुसार दिएकोछ ।

**(क) मन्दिरमा पस्न नदिनु ।**

हिन्दु धर्मले बनाएको चार जात मध्ये दलित समुदाय एउटा त्यस्तो समुदाय हो जसलाई समाजको सम्पूर्ण कुराबाट बहिष्कृत गरिएको हो । मान्छे भएर पनि शक्तिमा अर्थात् ठूला जातमा रहेका जातिहरुले उनीहरुको जीवन नरकीय पारेका छन् । दलित समुदायलाई कुनै पनि कुरामा स्वतन्त्र रुपमा काम गर्न दिएको छैन । जस मध्ये मन्दिरमा पस्न नदिन पनि एक सामाजिक अपराध हो ।

मन्दिर हिन्दु देवताको घर हो र यसमा भगवानले बास गर्छन भन्ने हिन्दु समुदायका मानिसहरुको आस्था रहेको छ । त्यसैले उनीहरु मन्दिरमा देवीदेवताको पुजा आजा  गर्दछन् । देवीदेवतालाई खुशी पार्न विभिन्न जनावरहरुको बली दिने गर्दछन् । तर त्यस मन्दिर परिसरमा दलित समुदायलाई पस्न एवम् पूजा आजा गर्न दिँदैन । उनीहरुको मान्यता अनुसार दलित समुदायले भगवान मान्नु हुँदैन, दलित समुदायले भगवानको पूजा गऱ्यो भने नराम्रो हुन्छ भन्छन्, त्यसैले दलितहरु हिन्दु देवीदेवताको

मन्दिरमा पूजा गर्न जाँदैन । यसको मूल कारण हो हिन्दु व्यवस्था, अर्थात् ब्राह्मणवादी व्यवस्था एवम् विचार । तर नेपालको संविधान २०६३ ले कुनै पनि मन्दिरमा दलित भएकै कारण प्रवेश गर्न नदिएमा, पूजा आजा गर्न नदिएमा कानुन बमोजिम दण्डनीय हुनेछ भनेर भन्यो तर त्यो नियम व्यावहारिक रुपमा लागु हुन सकेन । किनकि केही हदसम्म त्यो नियम लागु पनि भयो तर दलित समुदायमा परापूर्वकाल देखि नै शिक्षाको कमी भएको कारण गैर दलितहरुले सबै ठाउँमा दबाएको नै देखिन्छ । जसले गर्दा सानैदेखि उनीहरुको मानसिक स्थितिमा मन्दिर जानु हुन्न ।

मन्दिरमा गएपछि पाप लाग्छ भन्ने परम्पराले गर्दा उनीहरु अझै पनि चाहेर पनि मन्दिरमा पूजा आजा गर्न मान्दैनन् । तर केही ठाउँमा मन्दिरमा जान चाहेर पनि अझै भित्र छिर्न पाएका छैनन् । यसमा एउटा सत्य घटना छ “डोटीको शैलेश्वरी मन्दिरमा पुजारी र गैर दलित बाहेक कसैलाई पनि भित्रको शिला ढोग्न दिँदैनथ्यो । तर संविधानमै जान पाउने नियम भएपछि डोटीका दलितहरुले आफूले पनि मन्दिर छिर्न पाउनुपर्छ भने, केही हदसम्म दलितको माग त पूरा भए तर दलितले पनि मन्दिरमा छिर्न पाउने भएपछि त्यहाँका पुजारीले दलित र गैरदलितले ढोकाबाटै पूजा गर्न थाले ।

यसबाट के बुझिन्छ केही हदसम्म दलित समुदायलाई संविधानको नियम अनुसार सबै ठाउँमा जान पाउने त भए तर पूर्ण रुपमा भएन । किनकि डोटीको शैलेश्वरी मन्दिर भित्रको शिला न दलितका पुर्खाले देखेका थिए न अब उसका सन्तानहरुले देख्न सक्छन् । यो जातीय विभेद मध्येको एक महत्वपूर्ण समस्या हो । यसबाट दलित समुदाय सामाजिक एवम् मानसिक आधारमा पनि बहिष्कार हुँदै आएका छन् ।

**(ख) विवाह एवम् धार्मिक संस्कारमा दलित बहिष्कार**

दलित समुदायलाई परापूर्व कालदेखि तल झार्दै गएको व्यवस्था जातीय व्यवस्था हो । जसले दलित समुदायलाई कुनै पनि धार्मिक संस्कारमा समावेश हुन नपाउने बनायो । त्यस्तै विवाह एवम् व्रतवन्ध कार्यक्रममा सामिल भए पनि सँगै खाना खान नपाइने, सँगै सुत्न नपाइने, घरमा सुत्न नपाइने व्यवस्था बनायो । यसको उदाहरणको रुपमा अपि हिमाल गाउँपालिका बस्ने दलित समुदायलाई लिन सकिन्छ ।

दलित समुदाय समाजको एक अभिन्न अंग हो । दलित विना गैर दलितको जीवन त्यति सहज हुन सक्दैन । किनकि गैर दलितले प्रयोग गर्ने सम्पूर्ण औजारहरुको जननी दलित हो । त्यसैले समाजमा दलितको महत्व सबैभन्दा माथि हुनु पर्ने हो तर गैर दलितहरु दलितहरुलाई तुच्छ मानवको रुपमा हेर्दछन् र हेलाको दृष्टिले हेर्ने गर्दछन् ।

अपि हिमाल गाउँ पालिकामा दलितलाई विवाह, धार्मिक संस्कारमा बोलाइन्छ तर भित्र पस्न दिँदैन । जस्तो विवाहमा सँगै जन्ती जान पाउँछन् तर सँगै खाना खान पाउँदैनन्, त्यस्तै सुत्नको लागि गैर दलितहरु आफू बस्ने कोठामा दलितहरुलााई दिँदैनन् ।  बरु गाई गोरु राख्ने गोठमा उनीहरुलाई सुत्न दिन्छन् । त्यस्तै धार्मिक समारोहमा सहभागी हुन दिछन् । विभिन्न संगठनमा बसाउँछन् तर कुनै पनि देवीदेवताको पूजा गर्ने दिन उनीहरुलाई देवताको घरमा आउन दिँदैनन् । उनीहरुले देवता पुज्न दिएको पिठो तेल त्यही मन्दिर अथवा देवता घरमा पकाइन्छ अर्थात् देवी देवतालाई चढाइन्छ तर दलितहरुलाई भित्र प्रवेश गर्न दिइँदैन ।

**(ग) सार्वजनिक क्षेत्रमा दलितलाई गर्ने व्यवहार**

समाज एउटा त्यस्तो खालको संस्था हो । जहाँ मानिसहरु एउटै समुदायमा त बस्छन् तर त्यस भित्र त्यति एकता भएको देखिँदैन । किनकि त्यहाँ धर्मको कुरा हुन सक्छ, पदको कुरा हुन सक्छ, पैसाको कुरा हुन सक्छ ,जातको कुरा हुन सक्छ । यी कुरामा प्रायः सबैमा मतभेद भएको देखिन्छ । माथिका यी मतभेदहरुमध्ये जात माथिको भेदभाव समाजको एउटा महत्वपूर्ण  समस्या हो ।

जसले तल्लो जातको मान्छेलाई समाजको जातिय , आर्थिक एवम् मानसिक रुपमा हेपेको हुन्छ । दलितलाई देख्ने वित्तिकै त दलित होस्, तुच्छ होस्, तैले छोएको केही पनि चल्दैन, तैले मागेर खानु पर्छ, तैले हाम्रो फालेको भात खानुपर्छ । यी यस्तै कुराले गैर दलितले दलितलाई सामाजिक क्षेत्रमा हेपेका हुन्छन् । त्यस्तै सामाजिक एवम् सार्वजनिक क्षेत्रमा दलितले बोल्यो भने जान्ने भएर बोल्छस्, दलित भएर गैर दलितको कुरा काट्छस् भनी उसलाई स्वतहः बहिष्कार गरेको हुन्छ ।

**(घ) प्राकृतिक सम्पदाको उपभोगमा जातीय बहिष्कार**

हिन्दु वर्ण व्यवस्था अनुसार पिँधमा परेको अथवा राखेको जाति दलित हो । जसलाई समाजका विभिन्न क्षेत्रमा माथिल्लो जातका भनिनेहरुले बहिष्कार गर्दै आएका छन् । जसले गर्दा उनीहरुको

आर्थिक एवम् सामाजिक जीवन निकै पछाडि परेको छ । समाजमा माथिल्लो जात कहलिएका मानिसहरुले उनीहरुलाई मानिसको उपमा दिन पनि डराउने गर्दछन् । उनीहरुलाई मानसिक तवरले पनि पछाडि पारेका छन् । त्यसले गर्दा उनीहरुको जीवन नरक भन्दा पनि कम छैन । मानिस भएर पनि मानिस बाटै हेपिएर बस्नु, झेलिएर बस्नु कहाँसम्मको मानवता हो ? यसलाई एउटा जघन्य अपराधको रुपमा लिन सकिन्छ । सदियौँ देखि वुर्जुवाहरुले पछि पार्दा पार्दा अहिलेको समयमा आइपुग्दा पनि उनीहरुको जीवन पहिले र अहिलेमा कुनै फरक देखिँदैन ।

हिन्दु वर्णव्यवस्थाले उनीहरुलाई समाजको यस्तो धरातलमा पु¥याइ दियो कि जसले गर्दा उनीहरुको पुर्खा देखि दर सन्तान सम्म पनि त्यसका भागीदार भएका छन् । मानिस भए पछि स्वतन्त्र रुपमा बाँच्न चाहन्छ, स्वतन्त्र रुपमा संसारको जुनसुकै कुनामा बस्न खान पाउनु पर्छ । प्रकृतिमा भएका विभिन्न प्राकृतिक सम्पदाहरुको उपयोग गर्न पाउनु पर्छ ।

मानव निर्मित सम्पूर्ण धार्मिक एवम् सांस्कृतिक मूल्य मान्यता अथवा संरचनाहरुमा स्वतन्त्र रुपमा अँगाल्न पाउनु पर्दछ । तर हिन्दु वादी व्यवस्थाले दलितलाई समाजका केही कुरामा बस्नु सीमित पा¥यो । उसले दलित समुदायलाई एउटा काम गर्ने मेसिनको रुपमा बसाइ दियो । निजी सम्पत्तिको स्वामित्व नभएको मेसिन अर्थात् वस्तुको उत्पादन गर्न स्वतन्त्र रुपमा पाउँछ तर आफैले उत्पादन गरेको वस्तु उपभोग गर्नबाट उसलाई बहिष्कार गरिदियो । अर्थात् समाजका उत्पादित वस्तुहरुको उपभोग गर्नबाट उसलाई अलगावको सिर्जना गरिदियो । मानिस भएपछि उसले ज्ञान लिन पाउनु पर्छ, प्राकृतिक सम्पदाको स्वतन्त्र रुपमा उपभोग गर्न पाउनु र्छ । तर उसलाई यी चिजहरुबाट सिधा रुपमा बहिष्कार गरियो ।

दलित समुदायलाई माथि उठाउने बहानामा अथवा देखावटी बहानामा उसलाई समावेशीताको हक दियो अर्थात् दलित समुदाय पछि परेका छन् त्यसलाई माथि उठाउन समाजका प्रत्येक कुराहरुमा प्रोत्साहन दियो । नेपालको संविधान २०६३ भन्दा पहिले नेपालको संविधानमा दलित भन्ने शब्द नै राखिएको थिएन । तर बाहुनवादी व्यवस्थाले गर्दा २०६३ को संविधानमा वैधानिक रुपमा दलितको संज्ञा दियो र समावेशीताको कोटा दियो ।

यो व्यवस्थाबाट यस्तो बुझ्न सकिन्छ कि तिमी दलित हौ हामीले दिएको अधिकारमा बस र जीवन भरी दलितै भएर बस । यसरी दलितलाई देखावटी रुपमै भए पनि संविधानमा नेपालको भौगोलिक सिमाना भित्र बसोबास गर्न कुनै पनि व्यक्तिलाई दलित भनेर जातीय आधारमा छुवाछुत भेदभाव एवम् नेपाल परिषद्भित्र पाइने जुनसुकै प्राकृतिक सम्पदामा उसलाई उपभोग गर्नबाट कानुन बमोजिम दण्ड एवम् सजाय हुनेछ भनेर कानुनी रुपमा विधान त बनायो तर त्यस कार्यान्वयन व्यावहारिक रुपमा अभ्यास भएन ।

कानुनमा जस्तै सुकै विधान भएपनि उनीहरुलाई समाजका उच्च जात कहलिएका व्यक्तिहरुले हेर्ने र व्यवहार गर्ने तरिका ज्यूको त्युँ रह्यो र उसलाई प्राकृतिक रुपमा पाइने प्राकृतिक सम्पदाको उपभोग गर्न झन् प्रत्यक्ष रुपमा बहिष्कार गरियो । यसको उदाहरणको रुपमा बहुमूल्य जडीबुडी यार्चागुम्बा संकलन गर्नमा जातीय विभेद एवम् बहिष्करण ।

पश्चिम नेपाल, दार्चुला जिल्लामा पाइने बहुमूल्य जडबिुटी यार्चा गुम्बा संकलन गर्नमा उक्त जिल्लाको अपि हिमाल गाउँ पालिका वार्ड नं. ४ मा बस्ने दलित समुदायलाई यार्चा गुम्बा पाईने क्षेत्रमा व्यावहारिक एवम् सामाजिक रुपले बहिष्कार गरेको देखिन्छ । ती क्षेत्रहरुमा उनीहरुलाई दलित भएकै कारण यार्चा गुम्बा उपभोग गर्न दिए पनि स्वतन्त्र रुपमा जुनसुकै ठाउँमा जान र बस्न बन्देज गरिएको छ । उनीहरुलाई बस्न अथवा डेरा गर्नको लागि निश्चित ठाउँ दिएको छ । अर्थात् उनीहरुलाई आफूहरु भन्दा तल्लो ठाउँमा डेरा गरी बस्नको लागि दिएको छ । यसै सम्बन्धमा दलित व्यक्तिलाई लिएको अन्तरवार्तामा उहाँले भन्नु भएको थियो ।

नेपालको संविधान २०६३ ले जातीय रुपमा भेदभाव एवम् सार्वजनिक क्षेत्रमा जान एवम् प्रकृतिमा पाइने प्राकृतिक सम्पदाको उपभोग गर्न पाइने छ त भनियो तर व्यावहारिक रुपमा कायम भएन । उहाँ भन्नुहुन्थ्यो ६३ सालमा संविधानमै दलितलाई बहिष्कार गर्न नपाइने भने तापनि त्यसको छ सात वर्ष पछि मात्र हामीले उपभोग गर्न पाएका छौ । जबकी यार्चा गुम्बा उपभोग गर्ने काम ५०-५३ सालदेखि सुरु भएको हो ।

२०७० साल तिर आफूहरु यार्चा गुम्बा संकलन गर्न जाँदा पहिले देखि गैर दलितहरु 'धर्म घर' भन्ने लेकको फात्तुक डाँडामा डेरा गरी बस्दै आएका थिए । जब आफूहरु त्यस ठाउँमा बस्न थाल्यौ र

बसेको तिन चार दिनपछि गैर दलितहरुले आफूहरुलाई सपना नराम्रो हुने, राति भुतले तर्साउँछ भनेर हामीहरुलाई त्यो फात्तुक डाँडाभन्दा तल ज्यावनी डेरामा बस्न भन्यो । त्यसपछि हामीहरु उक्त ज्यावनी डेरामै डेरा गरेर यार्चा संकलन गर्दछौँ । उहाँ फेरी भन्दै हुनुहुन्थ्यो । अहिले विस्तारै विस्तारै व्यावहारिक रुपमा त त्यति भेदभाव गर्दैन उक्त क्षेत्रमा डेरा जता गरे पनि सबै ठाउँमा यार्चा संकलन गर्न पाइन्छ । तर तिन चार वर्ष पहिले त्यहाँका डाँडा पाखाहरुमा प्राचीनकालीन देवताका मन्दिरहरु छन् हो ती मन्दिर भन्दा माथि जान पाइँदैनथ्यो ।

उहाँ फेरी भन्दै हुनुहुन्थ्यो कि यो एक क्षेत्रमा त हामी यार्च संकलन गर्न पाउँछौ तर उक्त गाउँपालिका कै वार्ड ३ को क्षेत्री भन्ने ठाउँको माथि लेकमा पाइने क्षेत्रमा भने अहिलेसम्म हामी यार्चा गुम्बा संकलन गर्न पाएका छैनौँ । परम्परागत मान्यता अनुसार उक्त क्षेत्रमा तेत्तिस कोटि देवताको बास भएको मानिन्छ । त्यसैले क्षेती घाँजिर गाउँलाई पवित्र तिर्थस्थल मानिन्छ । त्यो ठाउँमा हाम्रा पुर्खाहरु त झन जानै पाउँदैनथे र हाम्रो पिँडीमा त्यो गाउँमा धार्मिक समारोह जस्तै जात्रा हुने बेला बाहेक जान सक्छौ । तर जात्रामा अहिले पनि जान दिएको छैन ।

एक दुईपटक हामीले जाने प्रयास गर्‍यौं । तर उनीहरुले जान नदिएपछि उनीहरुले विभिन्न देवीदेवता लाग्छन् भन्ने कुरा गरेपछि हामी पनि त्यो ठाउँमा जात्रामा जाँदैनौ । हो त्यही कारणले गर्दा हामी अहिलेसम्म त्यो गाउँभन्दा माथि यार्चागुम्बा पाइने क्षेत्रमा जान पाएका छैनौ र जाने इच्छा पनि गर्दैनौँ किनभने यदि त्यहाँ गैहाल्यो भने हामीलाई व्यावहारिक रुपमा तल्लो जात भनी भेदभाव गर्नेछन् । त्यसैले सधैँ विभेदीत हुनुभन्दा नजानु नै बेस ।

माथिको उक्त कुराबाट के थाहा हुन्छ भने जातीय आधारमा त उनीहरु विभेदित भएकै थिए । दलित समुदाय सदियौँदेखि ज्ञानको ग्रहणबाट पछि पारेपछि उनीहरुको मानसिक अवस्थामा राम्रो नराम्रो छुट्याउन नसकिने अथवा आफ्नो हक अधिकारको लागि लड्न नसकिने मनस्थिति भरिदियो । त्यसले गर्दा उनीहरु बहिष्कार भएका छन् । जस्तो संसार विज्ञानको चमत्कारले कहाँबाट कहाँ पुग्यो तर हाम्रो धार्मिक परम्पराले झेलिएको समाजमा शिक्षाको कमीले गर्दा गैर दलितहरुले भनेको कुरा उनीहरुले साच्चिकै हुन्छ कि भनी पत्याउँछन् । त्यसले गर्दा उनीहरुको मस्तिष्कमा त्यस्ता संस्कृतिहरु पलाउँछ र उनीहरु आफूले पाएका हकमा पनि लड्न सक्दैन ।

# अध्याय : छ

## अध्ययनको सारांश

विश्वका अल्पविकसित देशहरुमध्ये अग्रणी स्थानमा नाम आउने देश मध्ये दक्षिण एसियामा पर्ने देश नेपाल हो । उत्तरमा गणतन्त्र चिन र दक्षिणमा भारत जस्तो विशाल देशको बिचमा अवस्थित यस देश बहुजाति, बहुभाषी, बहुधार्मिक र बहुसांस्कृतिक मुलुकको हिसाबले विश्वमा चिनिन्छ । यस देशमा असंख्य जातिहरु गरिबीको रेखामुनि छन् । जसको कारण जातीय व्यवस्था रहेको देखिन्छ । परापूर्वकाल देखि हिन्दु व्यवस्था अनुसार चल्दै आएको यस मुलुकमा अझै पनि त्यही व्यवस्था कायमै छ । जसले गर्दा जातीय स्वपानीकरणको आधारमा पछाडि परेको जाति दलित समुदाय हो । दलित समुदाय प्राचीन कालदेखि सामाजिक एवम् आर्थिक अवस्थामा अन्य जातिहरुभन्दा निकै पछाडि परेको जाति हो ।

नेपालको जम्मा जनसंख्या मोटामोटी तिन करोड मध्ये यस देशमा दलित समुदायको संख्या साठी लाख रहेको छ । मल्ल राजा जयस्थिति मल्ले कामको आधारमा यस देशका जनताहरुलाई चार भागमा विभाजन गरेका थिए । ब्राहमण, क्षेत्री, वैष्य र शुद्र । जस अनुसार पुजापाठ एवम् ज्ञानगुनका कुरा गर्ने अथवा चासो राख्ने मानिसलाई ब्राह्मण, सैन्य सेवामा प्रबल, बहादुर एवम् सीमाको रक्षा गर्नेलाई क्षेत्री, व्यापार व्यवसाय गर्नेलाई वैष्य र खेती किसानी, हात हतियार र भाँडाकुडा बनाउनेलाई शुद्रको उपमा दिएका थिए । त्यस व्यवस्थामा कुनै खालको वर्ण विभाजन थिएन ।

मानिस कर्मको आधारमा उसले आफ्नो जात सजिलै पाउन सक्थ्यो अर्थात् जस्तो कर्म गर्थ्यो उस्तै प्रकारले उसले जातिको नयाँ उपाधि पाउथ्यो । त्यसमा कुनै पनि आधारको जातीय विभेद एवम् बहिष्करण थिएन । किनभने मानिसको कामअनुसार जात घट्न पनि सक्थ्यो बढ्न पनि सक्थ्यो । तर जब नेपालको इतिहासमा जंगी शासनको उदय भयो अर्थात् नेपालको इतिहासमा कालो समय राणाहरुको बहुल्यता चल्यो । तब देखि विस्तारै समाज चरम जातीय विभेदको दलदलमा फसेको देखिन्छ । अर्थात् जब जंगबहादुर राणाले थापा खलकका माथवरसिंह थापा मुक्तियार (प्रधानमन्त्री) आफ्नै मामालाई राजा राजेन्द्र र महारानी राज्यलक्ष्मीको रहोबरमा छलपूर्वक मारे, त्यस्तै गगन सिंह भण्डारी लगायत १९०३ भाद्र २१ गते ४५ जनालाई कोत पर्वमा मारे त्यही दिनदेखि विस्तारै मुलुकमा जातीय विभेद बढेको देखिन्छ । त्यस पछि झन् वि.सं. १९१० मा नेपालको पहिलो मुलुक ऐन जारी गरियो ।

त्यही दिन देखि राजा जयस्थिति मल्लले कामको आधारमा जात विभाजन गरेको व्यवस्थालाई जातको आधारमा वैधानिक रुपमा कानुनमै ल्याइदियो । यही दिनदेखि नेपालमा जातीय आधारमा तल्लो पिँधमा परेका जाती चरम पीडा र अभावमा परे ।

कामको आधारमा नेपली जनताहरुलाई वर्गमा विभाजन गरेको व्यवस्थालाई जंगबहादुरले वैधानिक रुपमै कानुनमा व्यवस्था गरे । त्यसमा जङ्गबहादुरले जातको आधारमा काम विभाजन गरिदिए ,त्यो पनि स्थायी रुपमा रहने आधारमा । जंगी ऐनअनुसार कानुनमा जुन काम तोकेको छ ,त्यो बाहेक अरु काम गर्न नपाइने । जसअनुसार जाति अनुसार काम तोकी दियो । ब्राह्मणले वेद पढ्ने, पुजापाठ  गर्ने, क्षेत्रीले शैन्य तालिम लिएर सीमाको रक्षा गर्ने, वैश्यले व्यापार व्यवसाय गरेर बा्हमण र क्षेत्रीको सेवा गर्ने अर्थात् मुलुकलाई कर तिर्नुपर्ने र शुद्रले खेतीपातीको काम गर्ने, भाडाकुँडा बनाउने, वेद पढ्न नपाइने, जीवनभर तिनै जातिको दास भएर सेवा गर्ने ।

नेपालको इतिहासमा दलित समुदायको मुख्य बाधक तत्वको रुपमा जंगबहादुरको मुलुकी ऐन रहेको देखिन्छ । किनभने मुलुकी ऐनले एउटा यस्तो अनैतिक व्यवस्था बनाइ दियो कि जसमा जात सानो भएकै कारण शिक्षा लिन नपाइने, शिक्षा आर्जन गरेमा पाप लाग्ने, शिक्षा लिन चाहेमा कानुनको भागीदार हुने, वरु त्यो भन्दा त बाँच्नकै लागि भएपनि सधैभरी ठुला जातिको दास भएर बस्ने । यसबाट थाहा हुन्छ कि दलित समुदाय मान्छे भएर पनि जातकै आधारमा कति पछाडि परेका छन् अथवा बहिष्करणमा परेका छन् ।

मान्छे भएर पनि मान्छेले नै बनाएको नियममा धाराको पानी खान नपाइने, मन्दिरमा पस्न नपाइने, ठुला जातलाई सधैं ढोग्नुपर्ने, सार्वजनिक क्षेत्रमा जान नपाइने, व्यक्तिगत सम्पत्ति राख्न र कमाउन नपाइने, प्राकृतिक सम्पदाको उपभोग गर्न नपाइने, शिक्षा लिन नपाइने ठूला जातकालाई छोएमा छोइछिटो, एवम् सुनपानीले छर्कनुपर्ने जस्ता अमानवीय व्यवस्थाले गर्दा दलित साच्चिकै पछाडिपरेका हुन् । किनभने मानिस भएपछि उसले व्यक्तिगत रुपमा, स्वतन्त्र रुपमा संसारको जुनसुकै ठाउँमा जान, जुनसुकै कुराको उपभोग गर्न, ज्ञान गुनका कुरा लिन पाउनु पर्छ । प्रकृतिमा भएको सबै भौतिक एवम् अभौतिक चिजहरुको उपभोग गर्न पाउनु पर्दछ ।

निजी सम्पत्ति कमाउन पाउनु पर्छ, आफूलाई चाहिने गास, बास र कपास सजिलै पाउनुपर्दछ । यी यावत् कुराहरुमा जातकै कारणले उनीहरुलाई स्वतन्त्र रुपमा काम गर्न नदिएपछि ,यी मौलिक अधिकारबाट वञ्चित गरिएपछि दलित समुदाय स्वभाविक रुपमा विभेद भएकै हुन्, सत् प्रतिशत बहिष्कृत भएकै हुन् । जसले गर्दा पछाडि परेका हुन् ।

यसरी मुलुकी ऐनले पछार्दै अहिलेको समयमा आइपुग्दा पनि समय फरक छ, समाज फरक छ, परिवेश फरक छ, तर दलित समुदायलाई हेर्ने चस्मा उही छ, मान्छेको सोच विचार उही छ । देशमा विभिन्न परिवर्तन भए, जनयुद्ध भए त्यही जातीय उन्मुक्तिको लागि, जातीय विभेद हटाउनको लागि, तर जातीय उत्पीडन हटाउन लागेका मानिसहरु उच्च पदमा पुगे, देशकै उत्तराधिकारीका रुपमा पुगे तर जसका लागि लडेका हुन् उनीहरु ज्युको त्युँ त्यही छन् ।

दलित मुक्तिका लागि देशमा विभिन्न व्यवस्था परिवर्तन भए, विधान परिवर्तन भए तर उनीहरुको अवस्था उस्तै छ, अभ्यास एवम् व्यवहारमा उनीहरुलाई हेर्ने दृष्टिकोण उही छ । उनीहरुको जीवन प्रणाली उस्तै छ । दलितलाई माथि उठाउन रोजगारीमा समावेशिताको नियम बनाइयो तर त्यो नियम हुने खानेले नै पाए, नहुने, अथवा पहुँच नहुनेले पाएका छैनन्, पाउन सकिरहेका छैनन् । सामाजिक एवम् सार्वजनिक क्षेत्रमा पाइने अधिकारबाट उनीहरुलाई बहिष्कार गरिरहेकै पाइन्छ ।

महिला मुक्तिका लागि जतिकै ठूला ठूला आन्दोलन भए पनि त्यो दलित महिलाको मूक्तिका लागि भएन । जताततै अपहरण र बलात्कार जस्ता अपराधहरु घटिरहेकै छैन । त्यसमा प्रत्येक दिन एउटा न एउटा दलित महिला त्यसको सिकार बनिरहेकै छ तर त्यसलाई जातकै आधरमा बहिष्कार गरेको छ । मलाई लाग्छ, निर्मला पन्थ र भागरथि भट्ट दलित भएको भए सायद यति चर्चामा आउने थिएन ।

दलित समुदाय कति बहिष्कृत भएका छन् भन्ने उदाहरणको रुपमा भर्खरै घटेको रुकुम घटनालाँई लिन सकिन्छ । जातकै आधारमा उनीहरुलाई ठुलो जातको सित विहे गऱ्यो भनेर मारियो । देशको वैधानिक कानुनले मान्छे मार्न पाइदैन, मारेमा कानुन बमोजिम दण्डनीय हुनेछ भनेर भनिए पनि उनीहरुको लागि कुानन किन अगाडि बढेन । यसको सजिलो उत्तर हो उनीहरु दलित थिए, दलितको

हक अधिकारको लागि कानुन बनेकै हैन भनेर बुझ्न पर्दछ । यी यस्तै घटना त दिन दिनै घटिरहेका छन् तर शक्तिमा मान्छे नभएपछि जति सुकै ठुला घटनाहरु गुमनाम पारिँदै आएको छ ।

दलित समुदायलाई यस्तै समाजका विभिन्न कुराहरुबाट पछि पारिएको छ, पछाडि धकेलिएको छ । यस्तै समस्याको रुपमा दलित भएकै कारण प्राकृतिक सम्पदाको उपभोगबाट वञ्चित गर्नु । यस उदाहरणको रुपमा बहुमूल्य जडीबुडी यार्सागुम्बा संकलनमा दलित भएकै कारण बहिष्कृत हुनु, अथवा विभेदित हुनु हो ।

अपि हिमाल गाउँपालिका वडा नं. १, २, ३, ४ प्राकृतिक भरिपूर्ण गाउँपालिका हो । यहाँ बहुमूल्य यार्चागुम्बा, वन आलु, वन लसुन, पाँच औले, चटामसी, कटुस, खिच्याउलो, सकुवा, जस्ता जडीबुटीले भरिपूर्ण क्षेत्र हो । यी जडीबुटीहरुबाट त्यहाँका बासिन्दाहरुले निकै फाइदा लिएको देखिन्छ । दुई तिन महिना लेकमा जडीबुटीहरुको संकलन गरिसकेपछि वर्षभरीलाई मज्जाले खान, लगाउन र छोराछोरीहरुलाई पढाउन पुऱ्याएका छन् । दार्चुला जिल्लाका विभिन्न सुगम गाउँपालिकाहरुमा आर्थिक एवम् शिक्षाको हिसाबले माथिनै परेको देखिन्छ । तर उक्त गाउँपालिकामा बसोबास गर्दै आएका दलित समुदाय आर्थिक, सामाजिक एवम् शैक्षिक हिसाबले पछाडि नै परेको देखिन्छ ।

उक्त गाउँपालिकामा जम्मा ३३८ दलितहरु मध्ये वार्ड नं. ४ मा ७९ पुरुष र ७५ गरी जम्मा १५४ जना रहेका छन् । देशमा संघीयता आउनु अघि साविकको घुषा र खण्डेश्वरी गा.वि.स.का जनताहरु मात्र यार्चागुम्बाको उपभोग गर्दै आएका थिए । त्योभन्दा तलको भुभागमा रहने जनताहरुलाई यार्चागुम्बा संकलन गर्न दिँदैनथ्यो । यदि आइ हाल्यो भने पनि उनीहरुलाई पर व्यक्ति ३ ,४ हजार झ्याट उठाउने गर्दछन् । त्यसले गर्दा बाहिरका मान्छेहरु त्यति आउँदैन ।

संघीयता लागु भएपछि गुल्जर गा.वि.स.को लुम्थी, साउगन्ना र सितोला गा.वि.स. पुरै अपि हिमालमा गाभिएको छ । तर पनि ती ठाउँका जनताहरुलाई अझै पनि त्यहाँ यार्चा संकलन गर्न त्यति सजिलो छैन । त्यसैले गर्दा त्यहाँ बस्ने दलित समुदायको यार्चा गुम्बा संकलनमा त्यति सहभागिता थिएन, छैन पनि । तर अपि हिमालको गाउँपालिकाको वार्ड नं. ४ मा बस्ने दलित समुदाय अपि हिमालकै स्थानीय बासिन्दा हुन् तर स्थानीय बासिन्दा भएता पनि दलित भएकै कारण यार्चागुम्बा संकलन गर्न दिएको थिएन । त्यसले गर्दा उनीहरुको आर्थिक स्थिति पहिले देखिनै दयनीय थियो ।

यार्चा गुम्बा पत्ता लागिसकेपछि ५५-५६ सालदेखि त्यहाँका स्थानीयहरुले उपभोग गर्दै आएका भए तापनि दलित समुदायले पाएको थिएन । नेपालको अन्तरिम संविधान २०६३ ले कुनै पनि मानिस एवम् समुदायलाई जातको आधारमा, कुनै पनि वस्तुको उपभोग एवम् सार्वजनिक समारोहमा भाग लिन पाउने भए पनि त्यसको ठ्याक्कै छ सात वर्ष सम्म पनि दलित समुदायले यार्चा संकलन गर्न पाएका थिएन । तर समयको परिवर्तन सँगै यार्चागुम्बाको संरक्षणमा समस्या भएको कारण विस्तारै लोप हुँदैछ । सुरु सुरुमा गैर दलितहरुले यार्चा गुम्बाबाट निकै फाइदा लिए । किनभने त्यो समयमा यार्चागुम्बा निकै बढी मात्रामा पाइन्थ्यो । ६०-६५ सालसम्म । तर विस्तारै बढी उपयोग गर्दै जाँदा अर्थात यार्चागुम्बा पाइने ठाउँमा बढी फोहोर गर्नाका कारण लोप हुँदै गएको छ । यसरी लोप हुँदै गएपछि दलितलाई यार्चा संकलनमा सामेल गरे पनि उनीहरुले फाइदा लिन सकिन्छ । किनभने अहिले लोपोन्मुख अवस्थामा रहेको ।

यसरी यार्चा संकलनमा सहभागिता गराए पनि भनेको ठाँउमा जान नपाइने ,भनेको ठाउँमा डेरा गर्न नपाइने कारणले संकलन गर्न पाए पनि त्यति लाभ लिन सकेका छैनन् । त्यसले गर्दा उनीरुले प्राकृतिक सम्पदा बाट पनि लाभ लिन सकेनन् । त्यस कारणले गर्दा उनीहरुको आर्थिक एवम् सामाजिक हैसित पछाडि नै परेको देखिन्छ । यसरी सामान्य रुपमा हेर्दा खेरी उनीहरुको जीवन प्रणाली र गैर दलितहरुको जीवन प्रणाली उस्तै देखिए पनि गहन रुपमा हेर्ने हो भने गैर दलितको भन्दा तल परेको देखिन्छ ।

घरको आर्थिक स्थिति राम्रो नभएको कारण शैक्षिक गुणस्तर तल नै खस्केको देखिन्छ । अहिले सम्मको इतिहासमा कुनै पनि त्यहाँको दलित सरकारी सेवामा कार्यरत छैन । अहिले बल्ल बल्ल एकजना गाउँपालिकाले राखेको शिक्षक मात्र छ । त्यस्तै संघीयता लागु भएपछि दलित समुदायलाई पनि समावेश गर्नको लागि स्थानीय स्तरमा तिन वटा सदस्यले पदभार लिएका छन् । त्यसमा पनि पुरुष छैनन् । सरकारले माध्यमिक तहसम्म निशुल्क पढाइ दिने भएकाले साक्षर सम्म भएका छन् । प्राविधिक लाइनमा एक जना अहिले सिभिल ओभरसियर पढिरहेको छ भने गाउँपालिकामा दुईजना सचिवालय सहयोगीका रुपमा काम गर्दै आएका छन् ।

अन्तमा प्रस्तुत अध्ययन अपि हिमाल गाउँपालिका वार्ड नं. मा बसोबास गर्ने दलित समुदायलााई यार्चा गुम्बा संकलनमा जातीय आधारमा कसरी बहिष्कार गरेका छन् भन्ने बारेमा

गरिएको छ । यस  गाउँपालिका ४ का दलित समुदायको समानुपातिक प्रतिनिधित्व हुने गरी नमुना छनोट गरी तिनीहरुसँग प्रश्नावलीको माध्यमबाट तथ्याङ्क संकलन गरिएको थियो ।

अध्याय पाँचमा दलित समुदायको सामाजिक तथा आर्थिक अवस्थाको बारेमा अध्ययन गरिएको छ । जसमा भौगोलिक अवस्था, जनसंख्या, परिवार, घरको किसिम, धार्मिक मूल्य मान्यता, भाषा शिक्षा जस्ता कुराहरु समावेश गरिएको छ । त्यस्तै पेशा, कृषि, वित्तीय सस्था, पशुपालन आदिको बारेमा पनि छोटो चर्चा गरिएको छ ।

अध्याय छ मा सामाजिक जीवनमा जातीय विभेदले दलित समुदायमा खेलेको भूमिका, भेदभाव एवम् स्वतहः बहिष्कार हुने ठाउँहरुको, जस्तै मन्दिरमा पस्न नदिन, विवाह एवम् धार्मिक संस्कारका दलित बहिष्कार, सार्वजनिक क्षेत्रमा दलित समुदायलाई गर्ने व्यवहार, प्राकृतिक सम्पदाको उपभोगमा दलित बहिष्कार आदिको बारेमा चर्चा गरिएको छ ।

**निष्कर्ष**

नेपाल विश्वको विकासोन्मुख मुलुकमा पर्दछ । लचिलो राजनीति,आर्थिक, धार्मिक एवम् जातीय भेदभावमा अल्झिएको यो मुलुकमा असंख्य जातिहरु गरिबी एवम् जातीय विभेदको चपेटामा परेका छन् । यसले गर्दा यो देश विकसित हुन सकिरहेको छैन । चेतनाको कमी, परम्परागत धार्मिक मान्यतामा विश्वास आदिले गर्दा अझै पनि यहाँका मानिसहरुको प्रगति भएको देखिदैन । झन हिन्दुवादी व्यवस्थाको पिँधमा परेका जातिहरुको त कुरै नगरौं ।

हिन्दुवादी व्यवस्थाको अछुत तहमा परेका जातिहरुको दैनिक एवम् सामजिक जीवन एकदमै दयनीय भएको छ । हिन्दु व्यवस्थाको पिँधमा परेको जाति दलित हो । जसलाई जातिय एवम् सामाजिक क्षेत्रमा सिधैं बहिस्कार गरिँदै आएको छ । जसले गर्दा उनीहरु समाजिक, आर्थिक, राजनीतिक, शैक्षिक क्षेत्रमा निकै पछि परेका छन् । जसको मुल कारक तत्व भनेको नै हिन्दुवादी व्यवस्था हो । मान्छे भएर पनि प्रकृति एवं समाजमा स्वतन्त्र रुपमा घुम्न पाइरहेका छैनन् ।

प्रकृतिमा निःशुल्क रुपमा पाइने प्राकृतिक सम्पदाहरुको उपभोग गर्न पाइरहेका छैनन्, मन्दिर पस्न पाएका छैनन्, शैक्षिक स्थरमा अगाडि बढ्न पाएका छैनन् । आर्थिक क्षेत्रमा आफ्नो प्रभुत्व जमाउन सकेका छैनन् । राजनितिक क्षेत्रमा त झन धेरै पछि परेका छन् । यी यावत् कुराहरु किन र

कसरी भयो र दलित भएकै कारण यार्चागुम्बा जस्तो बहुमूल्य जडीबुटीको उपभोगमा किन जातिय बहिष्कार गरियो ? भन्ने सन्दर्भमा अध्ययन गर्दा अध्ययनले उठाएका निष्कर्षलाँई यहाँ समेट्न खोजिएको छ ।

मानिस प्रगतिशील प्राणी हो । उसले हरेक क्षेत्रमा सफलता पाउने कोसिस गर्छ । जसको लागि उसलाई प्रकृतिमा भएका सम्पूर्ण तत्वहरुको आवश्यकता पर्दछ । उसले जीवन सजिलो तरिकाले जीउनको लागि प्रयत्न गर्दछ । तर विश्वमा विभिन्न यस्ता मुलुकहरु छन् । जहाँ मानिसलाई स्वतन्त्र रुपमा बाँच्न दिँदैन, काम गर्न दिँदैन । त्यसले गर्दा उनीहरुको जीवन चाहेको जस्तो हुँदैन र बनाउन पनि सक्दैन । कारण, रंग भेद र जातीय विभेद नै हो । रंग भेदका कारण जसरी उफ्रिकी मुलुकका काला जातिहरु समाजका सम्पूर्ण कुराबाट पछाडि परेका छन् त्यसरी नै जातीय विभेदका कारण दक्षिण एसियाका भारत, श्रीलङ्का नेपाल आदि मुलुकका दलित समुदाय पछाडि परेका छन् ।

हिन्दुवादी केही बुजुर्वाहरुको चलखेलमा परी दलित समुदायलाई जातकै आधारमा बहिष्कार गर्नाले दलित समुदाय सबै कुराबाट पछि परेका छन् । जस्तै मान्छे भएर पनि शिक्षा जस्तो पवित्र चिज ग्रहण गर्नबाट रोक लगाउनुले दलित समुदायको पिँढी सदियौं देखि पछाडि नै पर्दै आएका छन् । अहिले दलित समुदायलाई एउटा राजनीतिक विषय बनाएर उनीहरुलाई शिक्षा लगायत विभिन्न कुरामा समावेश गर्न चाहे तापनि उनीहरु अझैसम्म बहिष्कार हुँदै आएका छन् ।

सदियौँदेखि सार्वजनिक क्षेत्रमा दलित समुदायलाई समावेश हुन प्रतिबन्ध लगाउनु, प्रकृतिमा पाइने प्राकृतिक सम्पदालाई उपयोग गर्न नपाइनु, व्यक्तिगत सम्पत्ति कमाउन नपाउनु, वेदको ज्ञान लिन नपाइनु यी यावत् कुराहरुले दलित समुदायको जनजीवन निकै प्रभावित हुदै आएको छ । सदियौँदेखि दलित समुदायलाई सबै कुरामा वञ्चित गरिनुले उनीहरुको मानसिक अवस्थामा पनि त्यस्तै प्रभाव विकसित हुँदै आएको देखिन्छ ।

समाज अहिलेको आधुनिक युगमा त प्रवेश गरिसक्यो । मान्छेका चेतनामा विविभन्न कुराहरु आइसके त्यसले गर्दा कुनै पनि मानिस वा जाति कुनै कुरामा पनि पछि नपर्नु पर्ने हो । तर हिन्दुवादी व्यवस्थाले दलित समुदायको अवस्था एवम् मानसिक अवस्थालाई यस्तो अवस्थामा ल्याइदियो कि समय परिवर्तन एवम् चेतनामा विकास भए पनि उनीहरु त्यसलाई व्यावहारिक रुपमा कार्यान्वयन गर्न एवं अभ्यास गर्न

नसक्ने बनाइदियो । किनकि हिन्दुवादी व्यवस्थामा दलितले मन्दिर पस्नु हुँदैन । पैसा कमाउनु हुँदैन, अर्काको सेवा गर्नुपर्छ, ,कुनै पनि वस्तुको उपभोग गर्न पाइँदैन । यदि यसो गऱ्यो भने पाप लाग्छ भन्ने सोच दलित समुदायको मस्तिष्कमा भरिदियो । जसले  गर्दा उनीहरु स्वतहः बहिष्कृत हुँदै आए ।

जातीय विभेदको जर्जरमा रहेको अवस्थामा दलित समुदायको अवस्था अझ जागरुक बन्दै आयो । जातीय शोषण, कानुनी अनविज्ञता, चेतनाको कमी, स्रोत र साधनमा पहुँच नहुनु, राज्यद्वारा व्यववस्थित भएका कानुनी व्यवस्थाको जानकारी नहुनु आदि जातीय विभेद एवम् बहिष्कृतको कारक तत्वको रुपमा देखिएको छ । अन्य गैर दलितहरुले सदियौं देखि हेपाहा प्रवृत्तिले हेर्नु, आर्थिक अवस्था कमजोर हुनु, कृषि एवम् ज्याला मजदुरीमा भर पर्नुले सधैं पछाडि परेको देखिन्छ ।

परम्परागत रुपमा संरचित हाम्रो जातीय विभेदको कारण वर्तमान समयसम्म पुग्दा पनि विभिन्न कानुनको निर्माण, राज्यले जातीय विभेदको विरुद्ध अन्तर्राष्ट्रिय सन्धीमा हस्ताक्षर गरिरहँदा पनि हाम्रो सोचमा परिवर्तन नआउँदा समाजमा तल्लो वर्गमा राखिएको दलित समुदाय समाजका सबै क्षेत्रबाट पछि परेको देखिन्छ । एउटै देशमा भएर पनि अन्य समुदायले दलित समुदायलााई गर्ने क्रुर व्यवहारले दलित समुदायको सामाजिक सुधार हुन सकिरहेको छैन ।

यसरी दलित समुदायलाई जातिय विभेदकै कारण उनीहरुलाई सधैं पछाडि पारिएको छ । जसले गर्दा उनीहरु बहिष्कृत भएका छन् । यो राम्रो पक्ष होइन किनभने मानिसभित्र मानिसहरुकै विभेद हुँदा समाजमा द्वन्द्व सिर्जना हुन्छ । जसले गर्दा समाजको संरचनामा पनि गहिरो असर हुने गर्दछ । यस जातीय विभेदले यदि नकारात्मक मोड लिएमा समाजमा विखण्डन ल्याउने, जातिय द्वन्द्वलाई बढावा दिने, सामाजिक सहिष्णुतामा आँच आउने, जस्ता कुराहरु आउन सक्छन् ।

## अनुसन्धानमा सोधिएका खुला प्रश्नहरु

१) यार्चा गुम्बा संकलनको लागि लेकमा जान पाउनु भएको छकि छैन ? छ भने कुन कुन ठाँउमा जान पाउनु भएको छ ? छैन भने किन ?

२) त्यो ठाँउमा मात्रै यार्चा संकलन गर्न जान नपाउनुको कारण के हो ?तपाईले नै जान नचाहेर होकि अरु नै कारणले हो ? अरुनै कारणले हो भने के कारणले हो ?

३) अहिले तपाई जुन जुन क्षेत्रमा सजिलै यार्चा संकलन गर्नु हुन्छ ती क्षेत्रहरुमा पहिले देखि नै स्वतन्त्र रुपमा जान पाउन सक्नु हुन्थ्यो ? पाउनु हुदैनथ्यो भने अहिले कसरी जान सक्नु भयो ?

४) यद्यपि अरु क्षेत्रमा अहिले यार्चा संकलन गर्न जानु भएको छ भने गैर दलितहरुले तपाईलाई कस्तो व्यवहार गर्छन ?

५) उक्त ठाँउमा यार्चागुम्बा संकलनमा रोक लाग्नुमा गैर दलितकै रोकको कारण होकि धार्मिक परम्पराले गर्दा हो ?

६) यदि गैर दलितहरुकै कारण हो भने कानुनी रुपमै कुनै पनि कारणले दलितहरुलाई कहिँ कतै जानमा रोक लगाउन पाईने छैन भनि व्यवस्था गर्दा पनि तपाईले किन आफ्नो हक अधिकारको लागि आवाज उठाउनु भएन ?

६) यदि धार्मिक कारण हो भने अहिले जुन जुन क्षेत्रमा तपाई यार्चा संकलन गर्नु हुन्छ ती ठाँउहरुमा पनि त मठ मन्दिरहरु छन, त्यहाँ चै कसरी जान सक्नु भयो ?

७) उक्त क्षेत्रमा मात्रै यार्चा संकलनमा रोक लगाउनुको कारणले तपाईको जातिय स्वाभिमानमा कस्तो असर परेको छ ?

८) गैर दलितहरुको तपाई प्रतिको व्यवहार कस्तो छ ?

९) यार्चागुम्बा संकलनमा तपाईलाई रोक लगाएको कारण तपाईको आर्थिक एवंम सामाजिक अवस्थामा कस्तो प्रभाव परेको छ ?

१०) उक्त क्षेत्रमा यार्चा संकलन गर्न नपाएको कारणले तपाईको घरको आर्थिक अवस्था कम्जोर भएको छ ?

## सन्दर्भग्रन्थ सुची


१) आहुति ,(२०७७) ,जात वार्ता , बेला ।

२) मिश्र,चैतन्य (२०६७) ,"दलित समस्या", राजनिति अर्थतन्त्र,समता बुक्स ।

३) सुनाम, रमेश , (२०७४) समावेशिताको बहस , समता बुक्स ।

४) आहुति , (२०६७ ) नेपालमा वर्णव्यवस्था र वर्ग संघर्ष , फिनिक्स बुक्स ।

५) जोशी, टेक राज (२०७१ ) कामी महिलाहरुको समाजिक, आर्थिक अवस्थामा छुवाछुतले पारेको प्रभाव ,समाजशास्त्र तथा मानवशास्त्र केन्द्रिय विभाग किर्तिपुर,काठमाडौ ।

६) ओम्वेट,गेल (२०१२) सत्ता विमर्श र दलित , सम्पादन,राजेन्द्र महर्जन , समता बूक्स , काठमाडौ , पृष्ट : ९७ ९८ ।

७) नेपालको अन्तिरिम संविधान, (२०६३ ) पछिल्लो आठौ संशोधन सहित , २०६७ , त्रिनिटी प्रकाशन , बागबजार, काठमाडौ ।

८) नेपाली, गोपाल सिंह (१९६५), नेवारहरु , एक हिमाली समुदायको प्रजाति , युनाईटेड एसिया प्रकाशन, मुम्बई ।

९) विष्ट, डोर बहादुर (२०३५ ) सबै जातको फुलबारी , साझा प्रकाशन, काठमाडौ ।

१०) विष्ट, डोर बहादुर (२०३५) हिन्दु समाजिक संगठनका प्रारुप , साझा प्रकाशन, काठमाडौ

११) विश्वकर्मा, पदमसिंह (२०६०) नेपालमा दलित समुदायको स्थिति , काठमाडौ, प्रम्ट प्रिन्टस प्रा लि ।

१२) मुलुकि ऐन ,(२०३५) १ श्री ५ को सरकार कानुन तथा न्याय मन्त्रालय कानुन किताब व्यवस्था समिति , काठमाडौ ।

१३) शर्मा , प्रायगराज (१९७७ ) जाति सामाजिक गतिशिलता र संस्कृतिकरण , नेपालको मुलुकि ऐन १९१० ।

१४) आचार्य, गणेश (२०६८) यार्साको छायामा पर्यटन , हिमाल खबर पत्रिका २१(२०) ५०: ५१ ।

१५) कान्तिपुर (२०६१ ) यार्सागुम्बा संकलन शुरु,टिप्न जाँदा लडेर मृत्यु , १२ जेठ, पृष्ट ५ ।

१६) कान्तिपुर (२०६५) यार्सा गुम्बा संकलकको मृत्यु , १५ असार,पृष्ट १२ ।

१७) कान्तिपुर , निकुञ्ज भित्र यार्चा संकलन पुर्जी , १८ फागुन, पृष्ट ३ ।

१८) कोइराला, विद्दयनाथ र अन्य (२०५८) छापामा दलित ,काठमाडौ एकता बक्स ।

१९) गिरी,ईन्द्र (२०७१) हेलिकप्टर चार्टर गरी यार्चा ढुवानी ,नेपाल समाचारपत्र, ३१ असार,पृष्ट ७ ।

२०) गिरी, बिक्रम, जगत खड्का र प्रेम चुनारा ( २०७१ ) कर उठाउने, ज्यानै गुम्दा पनि क्षेतिपुर्ति नदिने ? नागरिक, ३१ असार, पृष्ट ३ ।

२१) गौतम,कृष्णप्रसाद,राजबहादुर साही,भीमबहादुर सिंह,विष्णुलाल बुढार र एलपी देवकोटा (२०७१ ) यार्सा टिप्ने चटारो , कान्तिपुर, ११ जेठ पृष्ट २ ।

२२) पौड्याल, विजय राज (२०६६ ) यार्सा गुम्बा व्यवस्थापन विद्दमान अवस्था र भाबी रणनिती ,हाम्रो कप्पबृक्ष्य २० । २३: ३३ ।

२३) बुढा, बिष्णुलाल र अब्दुल्लाह मिँया (२०७१) दुनैमा यार्सा व्यापारीको घुईचो , कान्तिपुर, ११ असार, पृष्ट १७ ।

२४) मगर, उजिर (२०६१ ) माओबादीको युद्ध खर्च , नेपाल ४: (२९) २४: २९ ।

२५) मिँया, हब्दुल्लाह र विष्णुलाल बुढा (२०७१ ) यार्चामै मस्ति , कान्तिपुर, १७ असार, पृष्ट १७ ।

२६) शाहि, राजबहादुर (२०७१ ) यार्चा किन्ने हो ? गोटाको ५ सय ,कान्तिपुर, २६ असार, पृष्ट १ ।

२७) श्रेष्ट, भुषण (२०७०) यार्सा गुम्बाका केहि संवेदनशिल पक्षहरु अथवा यार्सा गुम्बा एक संबेदनशील जडिबुटी , विज्ञान लेखमाला ३९५ । ४: १० ।

२८) सेजुवाल,कलेन्द्र (२०७१ ) पैसा टिप्न हत्केलामा ज्यान , नागरिक, २२ जेठ, पृष्ठ १ र ८ ।

२९) सेजुवाल,कलेन्द (२०७२ ) हिमाली तारा तिब्बत पुर्याउने हेलिकप्टर , नागरिक, २५ साउन, पृष्ट १ र ८ ।

३०) ओझा, नेत्रकुमार (२०७३ ) समाजशास्त्रमा सैद्धान्तिक दृष्टिकोण , देउराली प्रकाशन प्रा लि,बागबजार,काठमाडौ ।

३१) थापा, डा.रमेश बहादरु (२०७४ ) मार्क्सवादी दृष्टिकोण , देउराली प्रकाशन प्रा लि,बागबजार,काठमाडौ ।

३२) उपाध्य, डा.प्रकाश ,सुर्य भक्त सिग्देल (२०७१) समाजशास्त्रका सैद्धान्तिक दृष्टिकोण , क्षितिज प्रकाशन,किर्तिपुर ।

३३) पाण्डे, मधुसुदन ( २०६४ ) नेपालका दलितहरु , काठमाडौ, साझा प्रकाशन ।

३४) प्रश्रित , मोदनाथ (२०५८ ) हिन्दु घर्मशास्त्रमा मानव उत्पीडनका सर्न्दभहरु ,सम्पादकियबाट ।

३५)क्षेत्रि, राजु ,(२०७१), टिप्पणी जीवनबुटीको साहारा , कान्तिपुर, २८ असार, पृष्ट ७।

३६) थोराट,शुखदेव (२०१२ ) सत्ता विमर्श र दलित , सम्पादन,राजेन्द्र महर्जन , समता बूक्स , काठमाडौ , पृष्ट : २४ २५ ।

३७) खत्रि, प्रेम कुमार (२०४४) नेपाली समाज र संस्कृति , काठमाडौ, साझा प्रकाशन ।

38) Bista,Dor bahadur.1976 . People of Nepal . Ratna Pustak Bhandar , Ktm.

39) Hamilton,F.B.1819 . The Kingdom of Nepal . The Project Gutenberg eBook,London .

40) Kirpatrick, W.J. 1811 . An Acount of the Kingdom of Nepal . Manjusri Publication House , New Delli.